# नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरूको कोश निर्माण

कविता चौहान
त्रि.वि.दर्ता नं. ६-१-२२२-९-२००४
दोस्रो वर्षको परीक्षा क्रमाङ्क २१८००३६
शैक्षिक वर्ष २०६७/०६८

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत जनता
बहुमुखी क्याम्पस, नेपाली शिक्षा विभाग
स्नातकोत्तर तह (एम.एड) द्वितीय
वर्षको नेपा.शि.५९८ को
प्रयोजनार्थ
प्रस्तुत

**शोधपत्र**

**ई. २०१४/२०७१**

जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी

# सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, जनता बहुमुखी क्याम्पस, नेपाली शिक्षा विभागअन्तर्गत एम.एड दोस्रो वर्षकी छात्रा कविता चौहानद्वारा नेपा.शि.५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत **नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरूको कोश निर्माण** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार पारिएको हो । परिश्रमपूर्वक तयार पारिएको प्रस्तुत शोधपत्र स्नातकोत्तर तहको उपाधिका निम्ति उपयुक्त देखिएकाले बाह्य मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति २०७०/१२/२०

उपप्रा.तीर्थराज भट्टराई
(शोध निर्देशक)

# कृतज्ञता ज्ञापन

**नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरूको कोश निर्माण** शीर्षकको शोधपत्र त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरी, शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह, दोस्रो वर्षको नेपा.शि.५९८ पाठ्यांशको प्रयोजनका लागि तयार पारिएको हो । यस शोधपत्रले विभिन्न तहका लागि उपयुक्त नेपाली शब्दकोश निर्माण गर्ने कार्यमा विद्वत्जनमा सहयोग पुऱ्याउने अपेक्षा गरेकी छु ।

शब्दकोश निर्माणको कार्य आफैँमा झन्झटिलो र कठिन कार्य हो । नेपाली विषयमा स्नातकोत्तर गर्ने अग्रजहरूबाट यस विषयमा धेरै शोधकार्य भए पनि कक्षा सातको नयाँ पाठ्यक्रम अनुसारको शब्दकोश निर्माण भएको पाइएन । यसै कुरालाई मनन गर्दै स्नातकोत्तर तहको आवश्यकता पूरा गर्ने प्रयोजनका लागि मैले यो प्रयास गरेकी हुँ । यस विषयमा शीर्षक चयनदेखि लिएर सिङ्गो शोधकार्य सम्पादन गर्न कुशल निर्देशन र निरन्तर सहयोग गर्नुहुने मेरो शोध निर्देशक गुरुवर तीर्थराज भट्टराईप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । मेरो शोधपत्रको यो शीर्षक प्रस्तावलाई विभागीय स्वीकृति प्रदान गर्नुहुने नेपाली शिक्षा विभाग स्नातकोत्तर कार्यक्रम जनता बहुमुखी क्याम्पस इटहरीका आदरणीय गुरुवर मदनराज बराल लगायत अन्य सम्पूर्ण गुरुवर्गमा आभार प्रकट गर्दछु ।

सामग्री सङ्कलनका क्रममा अहोरात्र खटी सहयोग गर्ने मेरो पति नवीन खत्रीप्रति म आभारी छु । त्यसैगरी शोधपत्र तयारीमा उचित वातावरण तयार गर्न सहयोग पुऱ्याउने मेरा पुजनीय पिता गजेन्द्र ब. चौहान, माता हीरादेवी चौहान र बहिनी बन्दना प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

अन्त्यमा शोधपत्र निर्माणका निम्ति कम्प्युटर टाइप तथा प्रिन्ट कार्यमा अमूल्य सहयोग पुऱ्याउने नेहा कम्प्युटर्स इटहरी-५ की रञ्जना अधिकारीलाई पनि धन्यवाद ज्ञापन गर्दछु ।

कविता चौहान
(शोधार्थी)

# विषयसूची


| विवरण | पेज नं. |
|---|---|
| **अध्याय-एक** | |
| १. शोध परिचय | १ |
| १.१ पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | १ |
| १.३ शोधका उद्देश्यहरू | २ |
| १.४ पूर्वकार्यको समीक्षा | २ |
| १.५ अध्ययनको औचित्य र महत्त्व | ४ |
| १.६ अध्ययनको सीमा | ५ |
| १.७ अध्ययन विधि | ५ |
| १.८ शोधपत्रको रूपरेखा | ५ |
| **अध्याय-दुई** | |
| २. शब्दकोशको सैद्धान्तिक परिचय | ६ |
| २.१ परिचय | ६ |
| २.१.१ पूर्वभाग | ८ |
| २.१.१.१ शीर्षक | ८ |
| २.१.१.२ प्राक्कथन र भूमिका | ९ |
| २.१.१.२.१ कोशको प्रयोजन र क्षेत्र | ९ |
| २.१.१.२.२ कोशको स्रोत | ९ |
| २.१.१.२.३ कोश विधान प्रक्रिया | ९ |
| २.१.१.२.४ कोशनिर्देशिका | १० |
| २.१.२. सङ्क्षेप सूची | १२ |
| २.१.३ विराम र सङ्केत चिह्न | १२ |
| २.२ मूल भाग | १२ |
| २.३ उत्तर भाग | १३ |
| **अध्याय-तीन** | |
| ३. कक्षा सातको नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरूको कोश | १४ |
| **अध्याय चार** | |
| ४. निष्कर्ष, सुझाव र उपयोगिता | ५६ |
| ४.१ निष्कर्ष | ५६ |
| ४.२ सुझावहरू | ५८ |
| ४.३ उपयोगिता | ५९ |
| ४.३.१ नीतिगत तह | ५९ |
| ४.३.२ प्रयोगगत तह | ६० |
| ४.४ भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू | ५९ |
| सन्दर्भसामग्री | |

# सङ्क्षेप-सूची

| | | |
|---|---|---|
| अं. | : | अङ्ग्रेजी |
| आ. | : | आगन्तुक |
| अनु. | : | अनुकरण |
| अव्य. | : | अव्यय |
| इत्या. | : | इत्यादि |
| उदा. | : | उदाहरण |
| उप. | : | उपसर्ग |
| क्रियो. | : | क्रियायोगी |
| तत्स. | : | तत्सम |
| तु. | : | तुर्की |
| ना. | : | नाम |
| ने. | : | नेपाली |
| नेवा. | : | नेवारी |
| पुर्त. | : | पुर्तगाली |
| प्रत्य. | : | प्रत्यय |
| प्रा. | : | प्राकृत |
| फा. | : | फारसी |
| वा | : | वाक्य |
| वि. | : | विशेषण |
| विप. | : | विपर्याय |
| संयो. | : | संयोजक |
| स.क्रि. | : | सकर्मक क्रिया |
| सर्व ना. | : | सर्वनाम |
| स्पे. | : | स्पेनिस |
| हि. | : | हिन्दी |

# सङ्केत सूची

| | | |
|---|---|---|
| उदाहरणार्थ | - | ( :-/: ) |
| व्युत्पादन | - | [ ] |
| समस्त चिह्न | - | ( - ) |
| संयोजक चिह्न | - | ( + ) |
| उपपत्तिगत | - | ( ) |
| पर्याय | - | ( ; ) |
| अर्थपरक | - | (।) |
| अथवा चिह्न | - | (∠) |
| अघिल्लोबाट व्युत्पन्न | - | ( > ) |
| पछिल्लोबाट व्युत्पन्न | - | ( < ) |
| उच्चरित रूप | - | (/ /) |
| योजक | - | ( - ) |

# अध्याय - एक

# शोध परिचय

## १.१ पृष्ठभूमि

कोश निर्माणसम्बन्धी शास्त्र कोश विज्ञान हो । अङ्ग्रेजीमा प्रयुक्त लेक्सिकोग्राफी शब्दको नेपाली रुपान्तरण कोश विज्ञान हो । अङ्ग्रेजी भाषामा लेक्सिसको अर्थ शब्द हुन्छ भने logy को अर्थ अध्ययन भन्ने बुझिन्छ । शब्दको अध्ययन गर्ने विज्ञानलाई कोश विज्ञान मान्नु उपयुक्त देखिन्छ । कुनै निश्चित क्रम, नियम तथा वर्ण, व्याकरण, व्यवस्था अनुसार शब्दहरू जम्मा गरी यी शब्दहरूको अर्थ र व्युत्पत्ति लेखिएको ग्रन्थ शब्दकोश हो भने, शब्दहरूको रूप, इतिहास र व्युत्पत्तिगत अर्थ विवेचना गर्न प्रायोगिक भाषा विज्ञानको सैद्धान्तिक दस्तावेज भनेकै कोश विज्ञान हो (लम्साल, २०५०) ।

यसरी हेर्दा शब्दहरूको ढुकुटी शब्दकोश हो । भाषामा बोध तथा अभिव्यक्ति क्षमताको विकासका लागि शब्दहरूको आवश्यक पर्दछ । विद्यालय तहको नेपाली पाठ्यपुस्तकमा के कसरी शब्दहरूको चयन, स्तरण भएका छन्, कस्ता प्रकृति र स्रोतका शब्दहरू छनोट भएका छन्, यसबाट कस्तो सीपको विकासका लागि उपयोगी हुन्छ र कस कसका लागि कोश आवश्यक र उपयोगी छ भन्ने सन्दर्भमा यो अध्ययन आधारित छ । कक्षा सातको नेपाली भाषापाठ्यपुस्तकमा कस्ता, कति, कुन स्रोतका शब्दहरू छनोट गरिएको छ ती शब्दहरू स्तरणका दृष्टिले कति उपयुक्त छन् र शब्दहरूको व्युत्पत्ति, उच्चारण, अर्थ, पर्याय, विपर्याय र ती शब्दको वाक्यमा प्रयोग गरिने प्रयास गरिएको छ । यसबाट प्रत्यक्ष रूपमा शिक्षक, विद्यार्थी, पाठ्यक्रमविद् लाभान्वित हुने आशाका साथ अध्ययन गरिएको छ ।

## १.२ समस्याको कथन

यो अध्ययन-अनुसन्धान निम्न समस्यामा केन्द्रित रहेको छ :

१) कक्षा सातको नेपाली पाठ्यपुस्तकमा कुन कुन वर्गका शब्दहरू छन् ?

२) स्रोतका दृष्टिले यी शब्दहरू के कस्ता छन् ?

३) उक्त शब्दहरूलाई प्रविष्टि उपप्रविष्टिमा कसरी राख्न सकिन्छ ?

## १.३ शोधका उद्देश्यहरू

यस शोधका उद्देश्यहरू यसप्रकार रहेका छन् :

क) कक्षा सातको नेपाली पाठ्यपुस्तकमा राखिएका शब्दहरूको शब्दवर्ग छुट्याउने,

ख) स्रोतका दृष्टिले शब्दहरूको पहिचान गर्ने,

ग) उक्त शब्दहरूको प्रविष्टि उपप्रविष्टि छुट्याउने,

घ) उच्चारणका दृष्टिले शब्दहरूको पहिचान

## १.४ पूर्वकार्यको समीक्षा

नेपाली कोश निर्माणको इतिहास त्यति लामो छैन । नेपाली कोश निर्माण परम्परा पनि नेपाली भाषाभाषीहरूसँग अङ्ग्रेजहरूको सर्म्पक हुनथालेपछि सुरू भएको पाइन्छ । यसको शुरूवातको आधार सन् १८११ मा लण्डनबाट प्रकाशित कर्कपेट्रिकको **एन आकाउण्ट अफ द किङ्गडम अफ नेपाल**मा सङ्कलित सात सय जति नेपाली र नेवारी शब्दहरूको अङ्ग्रेजी अर्थ सहितको सूचीलाई मान्न सकिन्छ (न्यौपाने र अन्य, २०६७) । उक्त सूचीमा बर्णानुक्रम नरहे पनि विषयानुक्रम निर्मुक्त नभई निबद्धनै पाइन्छ (लम्साल, २०५७ : ११) । यस सूचीले बहुभाषी स्रोत भाषा मानी प्रविष्ट दिइएको छ । यस कोशमा नेपाली भाषाले दोस्रो भाषाको स्थान पाएको छ ।

डेनियल राइटको **हिस्ट्री अफ नेपाल** सन् १८७७ नामक कृतिमा पनि परिशिष्ट अंशमा नेपाली भाषालाई पर्वतीय भनी दुई सय जति शब्दको सूची अङ्कन गरिएको छ । यसमा पनि अङ्ग्रेजीका साथै नेपाली र नेवारी भाषाका शब्दहरू छन् (लम्साल २०५७ : १७६) । पादरी गंगाप्रसाद प्रधानको सहयोगमा नेपाली सिकेका विद्वान् **टर्नबुलको नेपाली ग्रामर एन्ड भोकाबुलरी** (वि.स.१९४४) ले शब्दकोश निर्माणको परम्परा एउटा जगमात्र बनेको पाइन्छ । युवा कवि मोतिराम भट्टका **उखानको बखान** (वि.सं. १९४५) र **जान्ने कथाको संग्रह** (वि.सं. १९५०) ले भने एक भाषी कोशको पूर्वरूप तयार गरेको देखिन्छ (भण्डारी र अन्य २०६७ : ८०) ।

विदेशी तथा स्वदेशी विद्वानहरूबाट प्रारम्भ गरिएका यी शब्द संग्रह र शब्दसूचीहरूको संकलन परिपाटी नै वि.स. १८६८ देखि वि.सं. १९६० सम्मका नेपाली

शब्दकोश निर्माण सम्बन्धी प्रारम्भिक कार्य हुन् भन्न सकिनेछ । नेपालीमा शब्दकोशकै नाम दिएर शब्दकोश निर्माण गर्ने गंगाधर शास्त्रीको **अङ्ग्रेजी र नेपाली शब्दकोश** वि.सं. १९६१ पनि अङ्ग्रेजी मूलप्रविष्टि दिई नेपालीमा अर्थ दिइएको द्विभाषी कोश हो ।

पादरी गंगाप्रसाद प्रधानको अङ्ग्रेजी, हिन्दी, नेपाली पञ्चरत्न शब्दकोश (वि.सं. १९६५) बहुभाषिक शब्दकोश हो भने जयपृथ्वीबहादुर सिंहको **प्राकृत व्याकरण** वि.सं. १९६८ र शम्भुप्रसाद ढुंगेलको **शब्दसुधानिधि** (वि.सं. १९७०) नेपाली एकभाषी शब्दकोशका नमूनाहुन् । शब्दकोश निर्माणका आधुनिक मान्यताहरूसँग मिल्ने गरी तयार गरिएको पहिलो नेपाली शब्दकोश भने लण्डनबाट प्रकासित भएको लिलिटर्नरको A comparative and Etymological Dictionery of Nepali Lnaguage – 1932 नेपालीभाषाको **तुलनात्मक एवम् व्युत्पत्तिपरक शब्दकोश** (वि.सं. १९८८) हो । नेपाली शब्दलाई मूलप्रविष्टि दिई नेपाली र अङ्ग्रेजीमा लेखिएको शब्दकोशहरूमा बालचन्द्र शर्माको नेपाली शब्दकोश (वि.सं. २०१९) र नेपाली बृहत् शब्दकोश (वि.सं. २०१९) ले शब्दको शब्दवर्ग, शब्दको स्रोत पर्यायवाची शब्द र त्यस शब्दबाट बन्ने अन्य वर्गका शब्दहरू पनि दिइएको भेटिन्छ । यस कोशलाई नै नेपाली शब्दकोशको इतिहासमा अहिलेसम्मको अत्याधुनिक कोश मान्न सकिन्छ । वसन्तकुमार शर्मा नेपालको **नेपाली शब्दसागर** (वि.सं. २०५७) पनि नेपाली शब्दकोश भन्दा पनि शब्द सङ्ग्रहका रूपमा रहेको छ । यो भीमकाय नेपाली शब्दकोश नेपालीमा आजसम्मका प्रकाशित साथै शब्दकोशले भन्दा धेरै शब्दहरू सङ्कलन गरेर नेपाली शब्दलाई लोप हुनबाट बचाउने काम गरेको मान्न सकिन्छ (भट्टराई, २०७० : २) ।

अधिकारी र भट्टराई (२०६१) द्वारा सम्पादित तथा प्रकाशित प्रयोगात्मक नेपाली शब्दकोशमा नेपाली हिज्जेमा सरलीकरण गर्दा शब्दोचारण, शब्दवर्ग, व्युत्त्पत्ति, पर्याय, विपर्याय दिँदै शब्दको वाक्यमा प्रयोग समेत गरिदिएर शैक्षणिक किसिमको शब्दकोश लेखन कार्यको सुरूवात गरेको देखिन्छ ।

भट्टराई (२०६८) द्वारा प्रकाशित **प्रारम्भिक नमूना नेपाली शब्दकोश** शोधपत्रका रूपमा प्रस्तुत भएको पाइन्छ । यस शोधमा शब्दको उच्चारण र अर्थ पर्याय, विपर्याय शब्दहरूको स्रोत खुलाइएको पाइन्छ ।

यसैगरी शोधकार्यका क्रममा भट्टराई (२०७०) द्वारा गरिएको **कक्षा ६ को नेपाली शैक्षिक शब्दकोश** शोधपत्रका रूपमा प्रस्तुत भएको पाइन्छ । यस शोधमा शब्दको उच्चारण, अर्थ, पर्याय, विपर्यायका साथै शब्दको स्रोत र वाक्यमा समेत प्रयोग गरिएको पाइन्छ ।

यही शीर्षकमा रहेर पराजुली (२०७०) द्वारा माध्यमिक नमुना नेपाली शब्दकोश र भट्टराई (२०७०) द्वारा कक्षा आठको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरूको शब्दकोश शीर्षकमा अध्ययन गरिएको देखिन्छ ।

आजसम्मका सबै शब्दकोशहरू प्रायः सामान्य प्रयोजनका लागि जस्ता देखिन्छन् । दिइएका पर्यायवाची तथा विपर्यावाची शब्दहरूलाई वर्णानुक्रममा राखेर प्रस्तुत गर्न सकिएको छैन । अतः माथि उल्लेखित शब्दकोशहरूका मान्यताहरूलाई शिरोधार्य गर्दै सकेसम्म शब्द र अर्थलाई पनि वर्णानुक्रममा राखेर प्रस्तुत गर्नु यस कक्षा सातको नेपाली शब्दकोशको उद्देश्य रहेको छ । यस किसिमको कार्य आजसम्म कोहीबाट नभएको हुँदा यस क्षेत्रको प्रारम्भिक कार्य यो नै रहेको छ ।

## १.५ अध्ययनको औचित्य र महत्त्व

कुनै पनि भाषाको शब्दकोश त्यस भाषाको ग्रन्थ हुनेछ । प्रचलित भाषा शब्दकोशका आधारमा नै यस भाषामा लेखिएका सबैखाले पाठ्यपुस्तक तथा पुस्तकहरू निर्माण गरिनुले पनि शब्दकोशको आवश्यकता र महत्त्व रहेको छ । शब्दकोशले शब्दको उच्चारण, शब्दस्रोत, शब्दवर्ग, अर्थ प्रयोग आदि छर्लङ्ग बताइदिने भएकाले शिक्षक, विद्यार्थी, अभिभावक तथा सम्पूर्ण पाठक वर्गमा पनि यसको खाँचो पर्नेछ । नेपाली भाषामा पनि प्रशस्त शब्दकोशहरू छन् । तिनले कुनै न कुनै रूपमा सम्बद्ध पक्षहरूलाई सहयोग पुऱ्याएको छ । यति हुँदाहुँदै पनि कक्षा सातलाई ध्यानमा राखी शब्दकोश निर्माण गर्ने कार्य भने छर्लङ्ग हुन नसकेको देखिन्छ । यही आवश्यकता परिपूर्तिका दिशामा यस किसिमको शब्दकोशले सहयोग पुऱ्याउन सक्नेछ र भावी शब्दकोश निर्माता तथा सम्पादकहरूलाई पनि भाषा शिक्षणका दृष्टिले उपयुक्त रहेको छ । विद्यालयदेखि विश्वविद्यालय तहगत आधारका शब्दकोश निर्माण कार्य गर्न समेत यसले अभिप्रेरित गर्न सक्नेछ । यी आधारबाट हेर्दा अध्ययनको औचित्य र महत्त्व रहेको छ ।

## १.६ अध्ययनको सीमा

यो अध्ययनलाई निम्नलिखित सीमामा सीमाङ्कन गरिएको छ :

क) यस शब्दकोशमा कक्षा सातको नेपाली भाषा पाठ्यपुस्तकबाट ५०० शब्दको छनोट गरिएको छ ।

ख) यसमा कोशको स्रोत, कोशविधान प्रक्रिया, विराम र सङ्केत चिन्हहरू र मूलभागको समेत उल्लेख गरिएको छ ।

ग) यसका साथै शब्दहरूको प्रविष्टि दिँदा वर्णानुक्रमको आधारमा राखिएको छ ।

घ) प्रस्तुत कोशमा प्रत्येक शब्दको शब्दोच्चारण, व्युत्पत्ति, शब्दवर्ग र शब्द स्रोत र पर्यायवाची राखिएको छ ।

## १.७ अध्ययन विधि

यस शब्दकोशका लागि शब्द सङ्कलन गर्दा पुस्तकालय विधि अपनाइएको छ । यसमा कक्षा सातको नेपाली पुस्तकबाट यादृच्छिक नमुना छनोट विधिको आधारमा शब्द चयन गरिनेछ । त्यसैगरी कक्षा सातका विद्यार्थीहरूको समूह बनाई कठिन शब्द सङ्कलन गर्ने कार्यबाट सङ्कलित शब्दहरूबाट समेत छनोट गरी शब्दहरू लिइएको छ । सङ्कलित शब्दलाई बर्णानुक्रममा प्रस्तुत गरी पर्याय, विपर्याय, शब्दस्रोत, व्युत्पादन प्रक्रिया जस्ता कुराको निर्धारणका लागि विश्लेषणात्मक एवम् पुस्तकालीय पद्धतिको प्रयोग गरिएको छ । आवश्यकता अनुसार विषयविज्ञ तथा निर्देशकको सहयोग लिइएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

यस अध्ययनको रूपरेखा निम्न रहेको छ :

अध्याय एक : शोधपरिचय

अध्याय दुई : शब्दकोशको सैद्धान्तिक परिचय

अध्याय तीन : नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरूको कोश निर्माण

अध्याय चार : निष्कर्ष, सुझाव र उपयोगिता

सन्दर्भसामग्री

# अध्याय - दुई

# शब्दकोशको सैद्धान्तिक परिचय

## २.१ परिचय

कुनै पनि भाषामा सम्पूर्ण शब्दहरू समेटेर पूर्ण स्वरूप भएको एउटै शब्दकोश प्रस्तुत गर्नु ज्यादै कठिन र असम्भव कार्य हो । विश्वका विकसित मुलुकहरूका भाषाका शब्दकोश देखि लिएर ज्ञानविज्ञान क्षेत्रका कोशहरू पनि कुनै न कुनै रूपमा अधुरा साबित छन् । अनुसन्धान र विविध वैज्ञानिक आविष्कार तथा उपलब्धिहरूले नयाँ नयाँ शब्दहरूको जन्म दिइरहेका छन् । भाषा जीवित वस्तु भएकाले यसमा उत्पादनशीलता त हुन्छ नै यसका साथै यस्ता हरेक भाषामा कतिपय पुराना शब्दको खोजी र नयाँ शब्दको उत्पत्ति हुने सम्भावना हुन्छ । यी र यस्तै कारणहरूबाट शब्दकोशमा शब्दहरू थपिँदै जाने सम्भावना हुने हुनाले पनि यसको सर्वाङ्ग पूर्ण स्वरूप पाउन कठिन र असम्भव हुन्छ भनिएको हो (भट्टराई, २०६७ : ७) ।

भाषाका सबै शब्दहरूको पूर्ण शब्दकोश निर्माण गर्ने कार्य सहज र सम्भव नभए पनि शब्दकोशको प्रयोगलाई सकेसम्म सहज र जिज्ञासुहरूको जिज्ञासालाई सरल ढङ्गले सम्बोधन गर्न सक्ने शब्दकोशको भने निर्माण गर्न सकिन्छ । शब्दकोशले प्रचलित, प्रभावकारी, सुविधायुक्त, प्रविधिसङ्गत तथा परिष्कृत सामान्य स्वरूपको वरण गर्नुपर्छ र आफूमा प्राञ्जल, सरल, संवेद्य र सुग्राह्य रूपविधान ग्रहण गर्नुपर्छ । यसो भएमा शब्दकोश प्रयोगकर्ताहरूका लागि हुन्छ र उनीहरूको अपेक्षासमेत पूरा गर्न सक्छ । शब्दकोशको प्रयोजन र यसमा समावेश गरिएको विषयवस्तुका आधारमा यसलाई निम्नानुसार छुट्याउन सकिन्छ (भण्डारी र अन्य, २०६८ : ४९) ।

**क) भाषा सङ्ख्याको आधारमा**

कोशमा प्रयुक्त भाषाका आधारमा शब्दकोशलाई एकभाषी कोश, द्विभाषी कोष र बहुभाषी कोश गरी तीनभागमा बाँड्न सकिन्छ ।

**ख) स्वरूपका आधारमा**

स्वरूपका आधारमा कोशलाई भाषापरक र ज्ञानपरक गरेर दुई भागमा विभाजन गर्न सकिन्छ ।

**ग) समयका आधारमा**

समयका आधारमा समकालिक/एककालिक शब्दकोश र ऐतिहासिक/कालक्रमिक शब्दकोश गरी दुई किसिमको विभाजन गर्न सकिन्छ ।

**घ) प्रविष्टि अनुक्रमका आधारमा**

यस आधारमा शब्दकोशलाई मुख्य तीन किसिममा विभाजन गर्न सकिन्छ : वर्णानुक्रम कोश, विषयानुक्रम कोश र मिश्रित कोश ।

**ङ) प्रयोजनका आधारमा**

यसका आधारमा कोशलाई मानक र सन्दर्भपरक गरी दुई भागमा बाँड्न सकिन्छ ।

**च) प्रयोक्ताका आधारमा**

प्रयोक्ताका आधारमा यस कोशलाई प्राज्ञिक र शैक्षिक गरी दुई भागमा बाँड्न सकिन्छ ।

**छ) प्रविष्टि क्षेत्रका आधारमा**

यस आधारमा कोशलाई सामान्य कोश र विशेषकोश गरी दुई भागमा बाँड्न सकिन्छ । विशेष कोशलाई निम्नानुसार विभाजन गर्न सकिन्छ (भण्डारी र अन्य, २०६८) ।

१) उच्चारण कोश

२) प्राविधिक कोश

३) व्युत्पत्तिमूलक शब्दकोश

४) पेसा व्यवसाय धन्दासम्बन्धी कोश

५) भाषिका कोश

६) अवभाषा कोश

७) उखान-टुक्का कोश

८) पर्यायवाची कोश

९) अभिनव कोश

१०) सहप्रयोग कोश

११) आगन्तुक कोश

१२) साहित्यिक कोश

१३) कानुनी कोश

१४) कृतिकोश

१५) स्थाननाम कोश

१६) उद्धरण कोश

१७) सङ्क्षेप कोश

१८) तुककोश

रामचन्द्र लम्सालले आफ्नो कृति **कोशविज्ञान** र **नेपाली शब्दकोश** मा "कोश वा शब्दकोशका लागि सामान्य स्वरूप भनेको कोश वा शब्दकोशमा सन्नियोज्य केही सुग्राह्य प्रचलित र प्रभावकारी यस्ता कोशीय विशेषताहरूको संयोजन हो, जसबाट कोश वा शब्दकोशहरू उपयोगका दृष्टिले स्वनिर्देश्य, सुज्ञेय, संसूच्य र सम्प्रयोज्य बन्दछन् । सम्बन्धित उपभोक्तालाई कोशनिष्ठ समस्त सामग्री सुगमताका साथ समुपलब्ध गराउने सामर्थ्य अधिगत गर्दछन्" भनेका छन् (लम्साल, २०५७ : ५८) । यिनका अनुसार शब्दकोशका सामान्य स्वरूप अन्तर्गत मूलतः तीनवटा भागहरू - पूर्वभाग, मूलभाग र उत्तरभाग रहन्छन् । यी तीनको संक्षिप्त परिचय गरिएको छ ।

## २.१.१ पूर्वभाग

यो शब्दकोशको शब्द प्रविष्टि भागभन्दा अघिल्लो भाग हो । यसमा शब्दकोशको केन्द्रिय भागलाई उपयुक्त तरिकाले प्रयोगमा ल्याउन आवश्यक आधार सामग्रीहरू राखिएका हुन्छन् । यस भागभित्र पनि निम्न उपभागहरू हुन्छन् :

### २.१.१.१ शीर्षक

शीर्षकले शब्दकोशको नामलाई जनाउँछ । शब्दकोशको प्रकृति र प्रयोजनको पहिलो निर्देशक नै यसको शीर्षक हो । शीर्षककै आधारमा कोशमा निहित आकृति-प्रकृति, क्षेत्र-प्रक्षेत्र, साधारण-विशेष, एकभाषा-अनेकभाषा, स्रोत र लक्ष्य भाषा आदिका सम्बन्धमा सूचना हुने हुनाले शीर्षकमा स्वनिर्देश्यता र स्वभावानुरूपता नितान्त वाञ्छनीय छ । शब्दकोशको मूल शीर्षक मुखपृष्ठमा राखिन्छ र यसका विभिन्न प्रायः सम्पादक, प्रकाशक तथा संस्करण, मिति आदि उल्लेख गरिन्छ ।

### २.१.१.२ प्राक्कथन र भूमिका

कोशसम्बन्धी आवश्यकीय जानकारी दिनका लागि कोशको पूर्वभागमा प्राक्कथन र भूमिका पनि प्रस्तुत गरिएको हुन्छ । कतिपय कोशमा यसलाई प्रस्तावना, परिचय, कृतज्ञताज्ञापन, पृष्ठभूमि वा यस्तै कुनै शीर्षक दिएको हुन्छ । कुनै कोशमा भने प्रकाशकीय, सम्पादकीय आदि संज्ञा दिएको हुन्छ । नेपाली बृहत् शब्दकोश (वि.सं. २०४०) ले प्रकाशकीय र सम्पादकीय भनेर प्राक्कथन र भूमिकाको स्थान लिएको छ । यसरी भिन्न भिन्न शीर्षक दिएर यस खण्डको प्रस्तुति गरिए तापनि यस खण्डभित्र कोशको उद्देश्य, क्षेत्र, परिधि, स्रोत आवश्कयता आदिका सम्बन्धमा नै चर्चा गरिएको हुन्छ ।

#### २.१.१.२.१ कोशको प्रयोजन र क्षेत्र

कोशको प्राक्कथन र भूमिकाभित्र पर्ने यस कोशसम्बद्ध भएको क्षेत्र र कस्ता पाठकहरूका लागि कुन क्षेत्रसँग सम्बन्धित कोश तयार गरिएको हो सोको समेत जानकारी दिने हुनाले यसलाई कोशमा समावेश गरिनु आवश्यक ठानिन्छ । फेरि यही अंशमा कोशको प्रकृति सामान्य, एकभाषिक, प्राविधिक, व्युत्पत्तिमूलक, पहिलो भाषी वा दोस्रो भाषीहरूमा कसका लागि आदि पनि उल्लेख गरिन्छ । यस भागमा मूलतः कोश कस्तो हो सोको पनि स्पष्टीकरण दिइएको हुन्छ (भट्टराई, २०६७ : १०) ।

#### २.१.१.२.२ कोशको स्रोत

यस भागमा शब्दकोश निर्माण गर्दा उपयोग गरिएका स्रोतको चर्चा गरिन्छ । कुन कुन कोशलाई सन्दर्भ बनाइयो र ती प्रविष्टि पाएको शब्दहरूको स्रोत के हो, जस्तै समाज, भाषाको वाङ्मय वा पाठ्यपुस्तक आदि कुन कुन स्रोत हुन् यसमा उल्लेख गरिन्छ । यस खण्डमा कोश विधान गर्दा अङ्गीकृत कोशसम्पादनका विविध पक्षहरू समावेश गरिएका हुन्छन् । यसमा प्रविष्टि चयन, प्रविष्टिक्रमका समस्या, उच्चारण, व्याकरण, व्युत्पत्ति वा हिज्जे आदिमा कुन मानक ग्रन्थलाई वा प्रचलित भाषिक मान्यताहरूमा कुन मान्यता अपनाई कोशको निर्माण गरिएको प्रष्ट पारिएको हुन्छ ।

#### २.१.१.२.३ कोश विधान प्रक्रिया

कोशभित्र उपयोग गरिएका पर्यायवाची शब्द, चित्र, सङ्केत, चिह्न, शब्दोच्चारण, अर्थक्रम, उदाहरण आदि पनि यही खण्डमा निर्धारण गरिन्छ ।

### २.१.१.२.४ कोशनिर्देशिका

प्राक्कथन तथा भूमिकाको यस अंशमा सम्बन्धित कोश प्रयोग गर्ने तरिकाको वर्णन गरिएको हुन्छ । कोश र पाठकका बीच सम्प्रेषणीयता कायम गर्न कोश निर्देशिकाको महत्त्वपूर्ण भूमिका रहन्छ । यस भागमा कोशको प्रयोग  गर्ने सबै तरिका बताइने हुनाले कोश प्रयोग विज्ञ र सिकारु कोश प्रयोक्तालाई पनि यसको उत्तिकै महत्त्व रहन्छ । यसमा साधारणतया निम्न कुराहरू रहेका हुन्छन् :

**क) प्रविष्टि विधान**

प्रविष्टिगत नियम यस अंशमा उल्लेख गरिन्छ । शब्दकोशमा कुन किसिमका शब्दहरूलाई मूल प्रविष्टिमा राख्ने र कुन किसिमका शब्दहरूलाई गौण प्रविष्टि दिने भन्ने कुरा प्रविष्टि विधानले गर्दछ । कोशमा प्रतिपादक र धातुमूल कसरी प्रविष्टि दिइएको छ, उपसर्ग, प्रत्ययांश, उखान-टुक्का, व्युत्पन्न शब्द आदिका लागि कस्तो व्यवस्था अपनाइएको छ । बेग्लाबेग्लै व्युत्पत्ति तथा समरुपी शब्दहरूको प्रविष्टि व्यवस्था कस्तो छ आदि कुरा यही अंशमा उल्लेख गरिएको हुन्छ । यसै अंशमा मूल प्रविष्टि दिइने शब्द आदिलाई कोशमा कस्तो प्रविष्टि दिइएको छ प्रष्ट उल्लेख गरिएको हुन्छ । यसैगरी यस अंशमा उच्चारण र आलेखन, व्याकरण, निर्देशन, बीजक आदिको पनि समूचित प्रयोग भएको हुन्छ । यही अंशमा विवृत्ति, प्रतिनिर्देश, व्युत्पति विधान, उदाहरण संयोजन र सङ्क्षेपसूची पनि रहन्छ (लम्साल, २०५७ : ६१) ।

**१. मूलप्रविष्टि**

कोशको प्रकृतिअनुसार कुन किसिमका कोशीय एकाइलाई मूल प्रविष्टि दिने र कुन किसिमकालाई उपप्रविष्टि दिने भन्ने यस अंशमा उल्लेख गरिएको हुन्छ । जस्तै : पिस - सक्रि. (भूतकाल, तृ.पु.), १. गेडा तथा ठोस अवस्थाको वस्तुलाई पेलेर धुलो पार्ने काम ।

**२. अनेकार्थी शब्द**

अनेकार्थी शब्दहरूको प्रविष्टि कसरी दिइएको छ, भिन्न-भिन्न मूल प्रविष्टिमा दिइएको छ या एउटै मूल प्रविष्टिबाट १,२,३ .... गर्दै फरक-फरक अर्थ दिइएको छ भन्ने कुरा यस अंशमा प्रष्ट पारिएको हुन्छ ।

### ३. समरूपी शब्द

यो उच्चारण र वर्णविन्यास एउटै भई व्युत्पत्ति र अर्थ फरक हुने शब्दहरूको प्रविष्टि व्यवस्था कस्तो छ प्रष्ट बनाइने अंश हो ।

### ४. उच्चारण र आलेख

यो शब्दकोशको प्रकारमा भरपर्ने अंश हो । पहिलो भाषी (मातृभाषी) कोशमा भए उच्चारण र आलेख व्यक्ति आवश्यक ठानिदैन । हालसम्म प्रकाशित नेपाली शब्दकोशहरूमा **प्रयोगात्मक शब्दकोश** (२०६१) बाहेक सबैले यस अंशको उल्लेख गर्न आवश्यक ठानेको देखिँदैन, तर **प्रयोगात्मक शब्दकोश**ले यसलाई प्रष्ट स्थान दिएको छ । यसबाट दोस्रो भाषाका रूपमा नेपाली भाषा सिक्ने सिकारुहरूमा उच्चारणसम्बन्धी समस्या कम हुँदै जाने र अपेक्षित लाभ हुने देखिन्छ ।

### ५ व्याकरण निर्देश

कुनै प्रविष्टिको व्याकरणात्मक पक्ष उल्लेख गर्नु नै व्याकरण निर्देश हो । यसमा शब्दका भेद, उपभेद, सुसूच्य तथा अन्य प्रकार र विशेषताहरूको उल्लेख गरिन्छ । जस्तै : ब. - वहुवचन, स.क्रि.- सकर्मक क्रिया (भण्डारी र अन्य, २०६८ : ७५) ।

### ६. बीजकको प्रयोग

यस अन्तर्गत मूल प्रविष्टि पाएका शब्दको कालिक, दैशिक, शैलीय आदि विभिन्न भेद वा विकल्पको उल्लेख गरिन्छ । सो शब्द औपचारिक, अनौपचारिक, स्तरीय, अस्तरीय, श्लील, अश्लील, प्रचलित, अप्रचलित, कुन काल वा स्थान विशेष आदिको हो त्यसको उल्लेख गरिएको हुन्छ । उदाहरणका लागि : बजिया- ना. (गाली) १. लोग्ने मान्छेलाई होच्याएर भनिने शब्द । २. कमारो (भण्डारी र अन्य, २०६८ : ७२) ।

### ७. विवृत्ति विधि

यो व्यक्तिगत कोशीय एकाइको अर्थ विधानका सन्दर्भमा प्रयोग हुने कोशीय उपलब्ध हो । यस्तो विवृत्ति कोष्ठकभित्र दिने गरिन्छ । जस्तै : छोरो ना. (बहु/ति.छोरा, स्त्री.छोरी) ।

### ८. प्रतिनिर्देश

कोशीय एकाइहरूको अन्तर्सम्बन्ध दर्साउन एउटा प्रविष्टिले अर्को प्रविष्टिगत सन्दर्भ निर्देशन गर्नुलाई प्रतिनिर्देश भनिन्छ । **नेपाली बृहत् शब्दकोश** (२०४०) ले यस्तो निर्देश स्तरीय शब्दमा अर्थ दिई उपस्तरीयको अर्थ लेख्दा हे. (हेर्नु) जस्तै : कोश ना. (सं.) हे. कोश भनी दिएको छ (भट्टराई, २०६७ : १४) ।

### ९. व्युत्पत्ति विधान

शब्दको रूप र अर्थ सम्बन्धी विकासक्रमको निरूपण व्युत्पत्ति विधान हो । **नेपाली बृहत् शब्दकोश** (२०४०) ले शब्दको व्युत्पत्ति दिँदा तद्भव र आगन्तुक शब्दमा त्यसको मूल रूप दिइएको छ भने **प्रायोगिक शब्दकोश** (२०६१) ले तत्सम, तद्भव र आगन्तुक शब्दको पनि मूल रूप दिँदै तिनको व्युत्पत्तिगत स्वरूप समेत दिएको छ । जस्तै : पराजय - (तत्स.) [परा+जय] (अधिकारी र भट्टराई, २०६६ : १७२) ।

### १०. उदाहरण संयोजन

कोशमा शाब्दिक उदाहरणका रूपमा गरिने प्रासङ्गिक प्रयोगलाई उदाहरण वा निर्देशनात्मक उदाहरण भनिन्छ । यसले शब्दको प्रयोग सन्दर्भलाई प्रष्ट पार्दछ । जस्तै : अनिकाल - ना. (तत्स.- संस्कृत शब्द) १. अन्नपातको ठुलो अभाव । २. त्यस्तो अनिकाल भएको समय (अधिकारी र भट्टराई, २०६६ : २५५) ।

### २.१.२ सङ्क्षेप सूची

एकरूपता, स्थानबचत आदिका लागि दिइने सङ्क्षिप्त शब्दसूची कोशको पूर्वभागमा अङ्कित गरिएको हुन्छ । यसले खासगरी स्थान र समयको समेत बचत गर्छ । बारम्बार आवृत्ति हुने शब्द, उदृतकृति, सन्दर्भकृति आदिलाई सङ्केतबाट व्यक्तगर्दा कोशको पूर्वभागमा प्रष्ट पार्न आवश्यक हुन्छ । जस्तै : आ. - आगन्तुक, उदा. - उदाहरण (भण्डारी, २०६८ : ६२) ।

### २.१.३ विराम र सङ्केत चिह्न

विराम तथा चिह्न सङ्केतले कोशमा श्रम, स्थान तथा व्ययको बचत गर्दछ । (....), [ ] कोष्ठकहरू, +, - आदिले खास खास परिवेश र स्थिति विशेषको सङ्केत गर्ने हुनाले यिनको होसियारीपूर्वक प्रयोग गर्नु वाञ्छनीय देखिन्छ (लम्साल, २०५७ : ५८) ।

## २.२ मूलभाग

कोशको साध्य भाग नै मूलभाग हो । यसैभित्र शब्दहरूले प्रविष्टि पाएर अर्थमा व्यक्तिने अवसर पाउँछन् । यो शब्दकोशको केन्द्रीय भाग हो । यो कोशीय प्रविष्टिहरूको समुच्चय स्वरूप हो ।

शब्दको मूल प्रविष्टि, उच्चारण, शब्दको स्रोत, शब्दवर्ग, पर्यायवाची शब्द, उदाहरण, प्रयोग, उपप्रविष्टि, बीजक, योजक आदि यावत् चिह्नहरू यस भागभित्र पर्दछन् । शब्दकोश सम्पादन गर्दा प्रयोग गरिएका सम्पूर्ण पक्षहरू यसमा देख्न पाइन्छ । यस भागमा शीर्षशब्द, उच्चारण र हिज्जे, व्याकरण निर्देश, व्युत्पत्ति, अर्थविधान, व्युत्पादक सर्ग, पर्याय, विपर्याय, उखान-टुक्का, उदाहरण, चित्राङ्कन आदि सबै पक्षहरू यथास्थानमा समेटिएका हुन्छन् । अत : कोशको मुटु भन्नु नै यसको मूलभाग हो (भण्डारी र अन्य, २०६८ : ६७) ।

## २.३ उत्तरभाग

नेपाली भाषाका धेरैजसो शब्दकोशमा यस भागलाई स्थान दिइएको पाइन्छ । तैपनि माथि उल्लिखित टर्नरको **शब्दकोश** र महानन्द सापकोटाको **शब्द परिचय**मा अनुक्रमणिका दिएर यो स्थान सुरक्षित राखिएको छ । खासगरी कोशको पूर्वभाग र मूलभागमा राख्न नमिल्ने वा कोशीय प्रविष्टि भन्दा विलक्षण र विशिष्ट रूप र शैलीमा गरिने सन्दर्भ सामग्रीहरू परिशिष्टांशका रूपमा राखिन्छ । कतिपय कोशमा यस भागमा कोशको नालीबेली उल्लेख गरिएको हुन्छ भने कतिपयमा अनुक्रमणिका उल्लेख गरिएको हुन्छ । यी माथिका दुबै कोशमा शब्द अनुक्रमणिका राखिएको छ (लम्साल, २०५७ : ७१) ।

## अध्याय - तीन

# कक्षा सातको नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरूको कोश

### अ

**अक्कल** - /अक्कल्/(आ.) ना. बुद्धि, होस् । वा. रामले सोधेको प्रश्नको जवाफ अक्कल पुऱ्याएर दियो ।

**अखबार** - /अखबार्/(आ.) ना. समाचारपत्र, खबरकागज । गोरखापत्र नेपालको जेठो अखबार हो ।

**अगाध** - /अगाध्/ (तत्स.) वि. ज्यादै गहिरो, गम्भीर, गहन । अथाह (उदा. अगाध समुद्र) २. ज्यादै बढी (अगाध स्नेह, अगाध माया) वा. बालकलाई हामीले अगाध स्नेह गर्नुपर्छ ।

**अगिल्तिर** - [<अगि+तिर] नायो./क्रियो. अगाडितिर, सामुन्ने । विप. पछिल्तिर । वा. ऊ मेरो अगिल्तिर बसेको छ ।

**अगुवा** - [अगि+उवा] वि. १. अगाडि लाग्ने, अगाडि हिँड्ने, अग्रणी (उदा. अगुवा कृषक, अगुवा नेता) २. बाटो देखाउने, पथप्रदर्शक । वा. बुद्धिजीवीहरू समाजका अगुवा हुन् । विप. पछुवा ।

**अतीत** -/अतित्/(तत्स.) वि. १ बितेको, व्यतीत, विगत । २. उहिलेको भूत, पुरानो । वा. राम अतीतका कुरा सम्झेर टोलाउँछ ।

**अत्याहट** -/अत्याहट्/ [अति+आहट] ना. आत्तिने स्थिति, हडबडाहट, अत्यास । वा. भिडको अत्याहटले गर्दा बालक कहालिएर रोयो ।

**अदक्ष** -/अदक्छ्य, अदछ्य/(तत्स.) [अ+दक्ष] वि. दक्षता नभएको, अकुशल, विप. दक्ष (उदा. अदक्ष कलाकार) वा. एक जना खेलाडीको अदक्षको कारणले गर्दा त्यस टिमको हार भयो ।

**अद्भुत्** -/अद्भुत्/(तत्स.) वि. आश्चर्यलाग्दो, उदेकलाग्दो, अनौठो, विचित्रको (उदा. अद्भुत चाल, अद्भुत वस्तु) । वा. जादुगरको अद्भुत जादु हेरियो ।

**अनुपम** - /अनुपम्/ (तत्स.) [<अन्+उपमा] वि. उपमा दिन नसकिने, तुलना हुन नसक्ने, अतुलनीय, बेजोडको । वा. सीताको सुन्दरता अनुपम छ ।

**अनुपयोग -** (तत्स.) [अन्+उपयोग] ना. उपयोग नभएको स्थिति, प्रयोग वा चलनचल्तीमा नआएको स्थिति, उपयोगहिनता । विप. उपयोग । वा. अनुपयोगमा रहेका सामानहरू फिर्ता गरियो ।

**अनुभव -** /अनुभब्/(तत्स.) [अनु+भव] ना. १. देखेर वा भोगेर आर्जन गरिने ज्ञान, पढेर होइन परेर जानिने कुरा, भोगाइ । वा. बालकले आगोले पोल्छ भन्ने कुरा अनुभवबाट थाहा पाउँछ ।

**अनुभवी -** /अनुभबि/(तत्स.) [अनुभव+ई] वि. अनुभव भएको, अनुभवप्राप्त, परिपक्क, दक्ष । वा. त्यस विद्यालयमा अनुभवी शिक्षकहरूबाट पठनपाठन हुन्छ ।

**अनुयायी -** /अनुयाइ/(तत्स.) [अनु+यायी] ना. १. कसैको पछि लाग्ने व्यक्ति, अनुगामी (उदा. नेताका अनुयायी) । २. कसैको कार्य विचार, सिद्धान्त, धर्म वा सम्प्रदायको अनुसरण गर्ने । वा. गौतम बुद्ध बौद्ध धर्मका अनुयायी हुन् ।

**अनुसन्धान -** /अनुसन्धान्/(तत्स.) [अनु+सन्धान] ना. १. कुनै कुराको खोज, जाँचबुझ, छानविन, जाँचपडताल । दोषी पत्ता लगाउन प्रहरीले अनुसन्धान गरिरहेको छ । २. खोजपूर्ण अध्ययन । वा. राम नेपालका भाषाहरूबारे अनुसन्धान गर्दैछ ।

**अन्दाज -** /अन्दाज्/(आ.) ना. खास लक्षणका आधारमा गरिने अनुमान, अड्कल । वा. उसले आकाशतिर हेरेर आज पानी नपर्ने अन्दाज गर्यो ।

**अन्धाधुन्ध-** (आ.) [<अन्ध+धुन्ध] क्रियो. बेपत्तासँग, अनियन्त्रित ढङ्गले, बेजोडले । वा. भिडमाथि आतङ्ककारीहरूले अन्धाधुन्ध गोली चलाए ।

**अन्वेषक -** /अन्वेसक्/ (तत्स.) [अनु+एष+अक] वि./ना. लुकेछिपेका वा अज्ञात कुराहरूको खोजी गर्ने, अन्वेषण गर्ने, अध्ययन अनुसन्धान गर्ने (उदा. पुरातात्तिक अन्वेषक) वा. नवीनले पुराना भाषाहरूको अन्वेषक गरेको छ ।

**अपहरण -** /अपहरण्/ (तत्स.) [अप+हरण] ना. १. कसैको माल वा सम्पत्ति लुट्ने काम, लुट । २. कसैलाई जबरजस्ती लिएर जाने, (उदा. यात्रुहरूको अपहरण) वा. सङ्कटकालमा धेरै जनधनको अपहरण भयो ।

**अभिव्यक्ति-** (तत्स.) [अभि+व्यक्त] ना. १. कुनै विषयवस्तुलाई व्यक्त गर्ने कार्य, आफ्ना भावना वा विचारहरूको प्रकटन, प्रस्तुति वा प्रस्तुतीकरण । वा. नेताले सभामा छोटो तर सारपूर्ण अभिव्यक्ति प्रस्तुत गर्नुभयो ।

**अभ्युदय-** /अब्भ्युदय/ (तत्स.) [<अभि+उदय] ना. १. उदय, प्रादुर्भाव । वा. प्रजातन्त्रको अभ्युदयपछि मात्र नेपालको शिक्षाको प्रचार प्रसार बढेको हो ।

**अमर -** /अमर/ (तत्स.) [अ+मर] वि.१. कहिल्यै नमर्ने चिरञ्जीवी, अजम्मरी । विप. मरणशील । वा. मान्छे आफ्नो कर्मले मात्र अमर बन्छ ।

**अलपत्र -** /अलपत्त्र/ ना./वि. वेथितिको, बेठेगानको, न यता न उताको, अव्यवस्थित । वा. उसले सामान भुईंमा अलपत्र छोडेछ ।

**अवकास -** /अबकास्/ (तत्स.) [अव+काश] ना. १. विदाको समय, कार्यालय नलाग्ने दिन, छुट्टी, विदा, फुर्सद । २. खाली ठाउँ, रिक्त वा शून्य । विप. बहाली । वा. उनले नोकरीबाट अवकाश लिए ।

**अवाक्** - /अबाक्/ (तत्स.) [अ+वाक्] वि. १. बोली ननिस्कने वा बोल्न नसक्ने स्थितिको, नाजवाफ, चुपचाप, मौन । वा. ऊ भाइको फुर्तिफार्ती सुनेर अवाक् पर्यो ।

**अविस्मरणीय -** (तत्स.) [अ+विस्मरणीय] वि. बिर्सन नसकिने, सधैँ सम्झन लायक, विप. विस्मरणीय । वा. उसले आफ्नो जीवनको अविस्मरणीय घटनाहरू सुनायो । उदा. अविस्मरणीय कुरो ।

**अवैज्ञानिक** - (तत्स.) [अ+वैज्ञानिक] वि./ना.१. विज्ञान नजान्ने, विज्ञानको ज्ञान नभएको, विप. वैज्ञानिक । वा. अवैज्ञानिकहरूले विज्ञानको गफ गर्नु उचित हुँदैन ।

**अशक्त -** /असक्त/ (तत्स.) [अ+शक्+त] वि. १. शारीरिक वा मानसिक शक्ति नभएको, असमर्थ, सामर्थ्यहीन, विप. सशक्त । (उदा. अशक्त बालक, अशक्त बुढाबुढी) । वा. उनीहरू अशक्तहरूको हेरविचार गर्छन् ।

**अशान्ति -** (तत्स.) [अ+शान्ति] ना.१. शान्ति नभएको अवस्था, अस्थिरता, विप. शान्ति । २. छटपटी, असन्तोष । वा. गुण्डाहरूले बजारमा अशान्ति मच्चाए ।

**असहाय** - (तत्स.) [अ+सहाय] वि. सहायता नपाएको, कसैले साथ नदिएको, कोही सहयोगी वा मद्दतगार नभएको, निसाध्य, अनाथ (उदा. असहाय मान्छे) वा. सीता असहाय भएको कारणले गर्दा सबैले हेप्छन् ।

**असह्य -** (तत्स.) [अ+सह्य] वि. सहन नसकिने, सहन ज्यादै कठिन, पीडादायी, असहनीय, विप. सह्य । वा. घाउको असह्य पीडाले उनी छटपटाए ।

**अस्त -** (तत्स.) वि. १. सूर्य वा चन्द्रमा अस्ताएको, सूर्य वा चन्द्र पश्चिम दिशातिर क्षितिजबाट अलप भएको । विप. उदय । वा. सूर्य अस्त भए ।

**अस्वस्थ -** (तत्स.) [अ+स्वस्थ] वि.१. रोग लागेको, रोगी । विरामी । विप. स्वस्थ । अस्वस्थ भएकाले आज ऊ विद्यालय गएन । २. अशुद्ध, फोहोर, खराब ।

## आ

**आइलाग्नु-** (टु.) १. आइपर्नु । आइलागेको समस्या बेहोर्नुपर्छ । २. कोही आफूप्रति खनिनु । तुल. जाइलाग्नु । वा. भाइदाइसँग विनासित्ति आइलाग्यो ।

**आकर्षण -** /आकर्सण्/ (तत्स.) [<आ+कृष+अन] ना कसैलाई आफूतिर खिच्न वा तान्न सक्ने स्थिति, खिचाइ । विप. विकर्षण/अनाकर्षण । उसको मीठो भाषणले स्रोताहरूलाई आकर्षण गर्यो ।

**आकाङ्क्षा** - /आकाङ्छ्या/(तत्स.) [आ+काङ्क्षा] ना. १. इच्छा, चाहना, अभिलाषा । वा. उसले वकिल हुने आकाङ्क्षा राखेको छ ।

**आगन्तुक** - /आगन्तुक्/ (तत्स.) [<आ+गम्+त+क] ना. १. कसैको घरमा आउने वा निम्तामा आएको व्यक्ति, पाहुना, अतिथि । वा. देशमा आउने आगन्तुकलाई दिलैदेखि स्वागत् गर्नुपर्छ ।

**आजकल** - /आज्काल्/ [आज+काल] क्रियो. हिजोआज, वर्तमान समयमा, हाल, हालसाल, अचेल । वा. आजकाल उनी व्यापारमा लागेका छन् ।

**आजित** - /आजात्/ (आ.) वि. दिक्क, हैरान, विरक्त, वाक्क । वा. छोराको आनीबानी देखेर ऊ आजित भयो ।

**आत्मविश्वास -** (तत्स.) [आत्म+विश्वास] ना. आफ्नो योग्यता तथा क्षमताप्रति

दृढविश्वासले, आफ्नो सामर्थ्यमा भर गर्ने बानी, आत्मबल, मनोबल । वा. आत्मविश्वासले मानिसलाई सफलतातिर अग्रसर गराउँछ ।

**आदानप्रदान** - (तत्स.) [आदन+प्रदान] ना. लिनेदिने काम, लेनदेन । वा. भाषा विचार आदानप्रदानको माध्यम हो ।

**आदेश** - /आदेस/(तत्स.) [आ+देश] ना. १. कुनै कामका लागि ठूलाले तल्लो तहको कर्मचारी वा सर्वसाधारणलाई दिइने निर्देशन । वा.हामीले गुरुबाआमाको आदेश मान्नुपर्दछ ।

**आधिपत्य** - /आधिपत्य/(तत्स.) [<अधिपति+य] ना. कुनै व्यक्तिको प्रभुत्व, हैकम वा दबदबा । वा. अङ्ग्रेजले भारतमा धेरै वर्षसम्म आधिपत्य जमाएका थिए ।

**आधुनिकता** - /आधुनिक्ता/ (तत्स.) [अधुनिक+ता] ना. १. आधुनिक हुनुको अवस्था वा विशेषता, नवीनता, नौलोपन । विप. प्राचीनता । वा. आजभोलि समाजमा विभिन्न पक्षमा आधुनिकता बढेको छ ।

**आपत -** (तत्स.) [<आ+पद] ना. १. कुनै काममा आइपरेको सङ्कट, विपत्ति । वा. रामलाई घरखर्च चलाउन आपत् परेको छ ।

**आभूषण** - /आभुषण्/ (तत्स.) [आ+भूषण] ना. १. शरीरमा लगाइने हिरामोति आदि गहना, अलङ्कार, विभूषण । वा. विहामा दुलही आभूषणहरूले सजिएकी थिइन् ।

**आयोजक -** /आयोजक्/ (तत्स.) [आ+योजक] वि. १. सभा वा समारोहको आयोजना गर्ने, प्रबन्ध गर्ने वा व्यवस्था मिलाउने । २. प्रबन्धक, व्यवस्थापक । वा. गोष्ठीका आयोजकले धेरै जनतालाई निम्ता गरेका छन् ।

**आर्जन** - /आर्जन/ (तत्स.) [<अर्ज+अन] ना. कुनै काम पेसा तथा व्यवसायबाट हुने फाइदा, लाभ, आम्दानी, उपलब्धि (उदा. ज्ञानार्जन, विद्याआर्जन) वा. हरिले पसलबाट केही रुपियाँ आर्जन गरे ।

**आशा** - /आसा/ (तत्स.) ना. १. मनमा उब्जेका चाहना, धोको, इच्छा, अभिलाषा । विप. निराशा (उदा. भेटिने आशा, बाँच्ने आशा) । वा.मैले तिमीबाट सहयोगको आशा राखेको छु ।

**आशीर्वाद -** /आसिर्बाद्/ (तत्स.) [<आशीर+वाद] ना. मान्यजनले सानालाई दिने आशिष, शुभकामना सहितको वचन । विप. सराप । वा. हजुरबाले टीका लगाएर मलाई आशीर्वाद दिनुभयो ।

**आसीन -** /आसिन्/ (तत्स.) [आश+ईन] वि. १. आसनमा बसेको, पलेटी मारेको, विराजमान । २. बसेको विराजमान भन्ने अर्थमा शब्दको पछाडि आउने शब्दांश (उदा. पदासीन) ।

**आस्था -** (तत्स.) ना. १. ईश्वरप्रति विश्वास, भरोसा तथा श्रद्धा । विप. अनास्था । वा. ईश्वरप्रति उनको गहिरो आस्था छ ।

**आहत् -** /आहत्/ (तत्स.) [आ+हत] वि. १. बेसरी पिटिएको, थिचिएको । २. चोटपटक लागेको, आघात परेको, घाइते, घायल । वा. तिम्रो वचनले उसलाई आहत पार्‍यो ।

## इ

**इच्छा -** (तत्स.) ना. कुनै कुराको प्राप्ति वा विनाशका लागि मनमा उठ्ने चाहना, अपेक्षा, आशा, कामना । विप. अनिच्छा वा हरेक बाबुआमाले छोराछोरीले प्रगति गरुन् भन्ने इच्छा राख्छन् ।

**इज्जत -** (तत्स.) (आ.) ना. समाजमा कुनै व्यक्तिले पाएको सम्मान, आदरभाउ, प्रतिष्ठा, विप. बेइज्जत । वा. शिक्षकहरूका माझमा उसको ठूलो इज्जत छ ।

**इनाम** - /इनाम्/ (आ.) ना. कुनै महत्त्वपूर्ण कार्य गरेवापत दिइने पुरस्कार, बक्सिस, पारितोषिक । राम्रो काम गरेकाले उसले इनाम पायो ।

**इन्द्रजात्रा -** [इन्द्र+जात्रा] ना. काठमाडौँको हनुमानढोकामा भाद्र शुक्ल चतुर्दशीका दिन इन्द्रध्वज ठड्याई मनाइने कुमारी, भैरव र गणेशको रथ यात्राको उत्सव ।

**इसारा -** (आ.) ना. नबोलिकन हाउभाउद्वारा गरिने सङ्केत, सान । वा. उसले इसाराले मलाई बोलायो ।

## ई

**ईर्ष्या -** /इर्स्या/ (तत्स.) ना. १. अर्काको प्रगति वा फुर्तीफार्ती देखेर मनमा उब्जने ईख, डाह । २. डाढ, द्वेष । वा. छिमेकीको समृद्धि देखेर उसको मनमा ईर्ष्या जाग्यो ।

**ईश्वरवादी -** (तत्स.) [ईश्वरवाद+ई] १. ईश्वरवादका अनुयायी, ईश्वर मान्ने मन वा सिद्धान्तको अनुसरण गर्ने आस्तिक । २. ईश्वरमा विश्वास गर्ने, ईश्वर मान्ने । ईश्वरको भक्त । विप. अनीश्वरवादी । वा. ईश्वरवादीहरू भगवान्को भक्ति गर्छन् ।

# उ

**उच्छृङ्खलता** - /उच्छिृङखलता/(तत्स.) [उच्छृङ्खल+ता] ना. १. उत्ताउलोपना, उद्दण्डता, अनुशासनहीनता । वा. सभामा केही छुल्याहाले उच्छृङ्खलता देखाए ।

**उजुर -** /उजुर/ (आ.) ना. आफूलाई परेको पिरमर्काबारे अख्तियार समक्ष गरिने निवेदन, न्यायको माग गरी दिइने उजुरी । वा. सधियारले जग्जा मिचेकाले उसले गा.वि.स.मा उजुरी गर्‍यो ।

**उत्कृष्ट -** /उत्क्रिष्ट/ (तत्स.) [उत्+कृष्ट] वि. १. सबभन्दा राम्रो, श्रेष्ठ, उत्तम, असल, विप. निकृष्ट । वा. कवि गोष्ठीमा सुनाइएका उत्कृष्ट कविताहरू पुरस्कृत भए । २. सबभन्दा बढी उच्चतम् ।

**उत्पादक -** /उत्पादक्/ (तत्स.) [<उत्+पाद/<पद्+अक] ना. १. उत्पादन गर्ने, उब्जाउने, पैदा गर्ने । तुल. वितरक । (उदा. दुग्ध उत्पादक, अन्न उत्पादक) । २. कलकारखानाबाट उपयोगी वस्तु तयार पार्ने । वा. दुग्ध संस्थानले गुणस्तरीय दुध उत्पादक गरेको छ ।

**उथलपुथल -** /उथलपुथल्/ हि. [<उथल] ना. ठुलो परिवर्तन वा फेरबदल, उलटपुलट । २. व्यापक हलचल । वा. २०४६ सालको आन्दोलनले राजनीतिमा उथलपुथल ल्याएको थियो ।

**उदार** - /उदार्/ (तत्स.) वि. १. ठुलो मन भएको दिन र खानमा कन्जुस्याइँ नगर्ने, मनकारी, दिलदार (उदा. उदार व्यक्तित्व, उदार चित्र, उदार चरित्र) । २. सहनशीला, सहिष्णु । ३. फराकिलो । विप. अनुदार । वा. राणाशासकहरूमा देवसरसेर उदार मानिन्छन् ।

**उद्गम -** /उद्गम/ (तत्स.) [<उत्+गम] ना. उत्पत्ति भएको ठाउँ, मुहान, मूल । वा. वाग्मतीको उद्गमस्थललाई वाग्द्वारा भन्दछन् ।

**उद्घोषक** - /उद्घोषक्/(तत्स.) [<उद्+घोष्(<घुष्)+अक] ना. १. सार्वजनिक जनाउ दिने व्यक्ति । २. समारोहमा कार्यक्रमको उद्घोषण गर्ने व्यक्ति । सभासमारोहमा कार्यक्रमको सञ्चालक । उद्घोषकले बोलाएपछि मञ्चमा गइ उनले भाषण गरे ।

**उद्योगधन्दा -** [उद्योग+धन्दा] ना. कल-कारखाना, उद्योग । २. व्यापार व्यवसाय, उद्यम । वा. उद्योगधन्दामा लागेका मानिसहरूको आर्थिक स्थिति सुध्रन्छ ।

**उन्मुलन -** /उन्मुलन/ (तत्स.) [<उन+मुल+अन] ना. १. कुनै बोटविरुवालाई जरा वा फेदसँगै उखेल्ने वा उजाड्ने काम । २. निमिट्यान्न पार्ने काम, समूल विनाश, मूलोच्छेदन (उदा. औलो उन्मुलन, रोग उन्मुलन) वा. पोलियो रोगलाई देशबाट उन्मुलन गरिनुपर्छ ।

**उपत्यका -** /उपत्यका/ (तत्स.) [उप+त्यक+आ] ना. १. पहाडले घेरिएको बीचको समथर भूमि (उदा. काठमाडौँ) ।

**उपदेश -** (तत्स.) [उप+देश] ना. असल कामका लागि दिइने अर्ती, हितका कुरा, नीतिका कुरा, शिक्षा । वा. साधुसन्तका उपदेश सुन्नुपर्छ ।

**उपयोगी -** /उपयोगि/ (तत्स.) [उपयोग+ई] वि. उपयोगमा आउने, उपयोग गर्ने, उचित, काम लाग्ने । २. फाइदा हुने फाइदाकारी, लाभकारी । वा. गाईको दूध विभिन्न दृष्टिले उपयोगी हुन्छ ।

**उल्लङ्घन -** /उल्लङ्घन्/ (तत्स.) [<उत्+लङ्घन्] ना. १. नाघ्ने वा फड्कने काम । २. वेवास्ता वा अतिक्रमण । उदा. आज्ञाको उल्लङ्घन ।

**उल्लास -** /उल्लास/ (तत्स.) [<उत्+लास] ना. हर्ष, आनन्द, खुशीयाली । वा. यसपालीको चाडमा उल्लासको वातावरण थियो ।

**उल्लिखित -** /उल्लिखित्/ (तत्स.) [<उत्+लिखित] उल्लेख गरिएको, उल्लेख भएको । वा. पत्रमा उल्लिखित सामानहरू पठाइदिनुहोला ।

## ऊ

**ऊर्जा** - /उर्जा/(तत्स.) ना. १. इन्धन र अन्य प्राकृतिक वा निर्मित स्रोतबाट प्राप्त हुने शक्ति (उदा. आणविक ऊर्जा, विद्युत ऊर्जा) । २. खाद्यवस्तुबाट प्राप्त हुने शक्ति, बल, तागत् । वा. खाद्यन्नले शरीरलाई ऊर्जा दिन्छ ।

**ऊर्जावान् -** /उर्जाबान्/ (तत्स.) वि. शक्तिशाली, वलवान, क्षमतावान् ।

## ऋ

**ऋषि** - /रिसि/(तत्स.) ना.१. आध्यात्मिक चिन्तन र साधनामा लागेका ठूला तपस्वी, मुनि । २. वैदिक मन्त्रका द्रष्टा तथा स्रष्टा ।

**ऋषिपञ्चमी -** (तत्स.) [ऋषि+पञ्चमी] ना. महिलाहरूद्वारा सप्तर्षिको पूजा गरिने दिन, भाद्र शुक्ल पञ्चमी । वा. ऋषिपञ्चमीका दिन महिलाहरू व्रत बस्ने गर्दछन् ।

## ए

**एकचित्त -** (तत्स.) [एक+चित्त] वि.चित्तलाई खास कार्यमा केन्द्रित गर्ने, एकाग्र, ध्याममग्न । वा. उनी एकचित्त भएर भजन गर्दैछन् ।

**एकछाक** - [एक+छाक] ना. १. एकपल्टको खाना । मैले उसकहाँ एकछाक खाना खाएँ । २. एकदिनमा एकपल्ट मात्र खाने काम वा त्यस्तो चलन । वा धेरै मोटाएकाले ऊ एकछाक मात्र खान्छ ।

**एकदिन -** (तत्स.) [एक+दिन] क्रियो. १. कुनै दिन, कुनै खास बेला । एकदिन उसँग फेरि भेट होला । ना. एक मात्र दिन ।

**एकवचन** - (तत्स.) [एक+वचन] ना. १. सङ्ख्येय वस्तुहरूमा एकको सङ्ख्या बुझाउने शब्द वा त्यसको आधारमा बनेको रूप, तुल. बहुवचन । छोरो, केटो, डोको आदि नाम शब्दका एकवचनका रूप हुन् । २. एकपटकको बोली । वा. देवीमरणले सुभद्रालाई तीर्थ जाने बेलामा एकवचन पनि सोधेनन् ।

**एकसुरे** - [एकसुर+ए] वि.एकधुनको, एकोहोरो । वा.इलम नभएपछि ऊ एकसुरे भएको छ ।

**एकादेश** - [<एक+देश] ना. दन्त्यकथा सुनाउँदा सुरुमा भनिने शब्द, नाम नतोकिएको कुनै एउटा देश । एकादेशमा एउटा सिकारी थियो ।

**एकान्त** - (तत्स.) [एक+अन्त] वि./ना. १. अरू कोही नभएको, हल्लाविनाको, निर्जन, सुनसान, एकलास । वा. उनी एकान्त ठाउँमा बस्न मन पराउँछन् ।

**एकीकरण -** /एकिकरण/ (तत्स.) [<एक+ई+करण] ना. एक भन्दा बढी वस्तु, विषय आदिलाई एकै ठाउँमा समेट्ने काम । वा. पृथ्वीनारायण शाहले नेपालको एकीकरण गरे ।

**एकीकृत** - /एकिक्रित्/ (तत्स.) [एक+ई+कृत] वि. छरिएका वस्तु विषय गतिविधि आदिलाई एकै ठाउँमा समेटिएको, एकीकरण गरिएको, एक ठाउँमा प्रस्तुत (उदा. एकीकृत दल) ।

## ऐ

**ऐतिहासिकता** - /ऐतिहासिक्ता/ (तत्स.) [ऐतिहासिक+ता] ना. ऐतिहासिक हुँदाको अवस्था वा विशेषता, ऐतिहासिक महत्ता । वा. ऐतिहासिकतालाई ध्यानमा राखी त्यस स्थलको संरक्षण गरिएको छ ।

**ऐन** - /ऐन्/ (आ.) ना. सरकारी नियम, कानुन वा विधिविधान संसदबाट पारित भई कानुन बनेको लिखित दस्तावेज । वा. सबै व्यक्तिले ऐनको पालना गरेमात्र प्रजातन्त्रको महत्त्व बढ्छ ।

**ऐनकानुन** - (आ.) [ऐन+कानुन] ना. हे. ऐन ।

## ओ

**ओइरिनु** - नाधा.[ओइर+(इ)+(नु)] सक्रि. १. हे. ओइरनु सक्रि. । २. ओइरने काम गरिनु । वा. सीताले तरकारी ओइरी ।

**ओगट्नु** - [ओगट+(नु)] सक्रि. १. कुनै ठाउँ वा सामान कसैका लागि रोकेर राख्नु । छेकथुन गर्नु । उसले बसमा साथीका लागि सिट ओगट्यो । २. वस्तु वा व्यक्तिले आफू भरिको ठाउँ ढाक्नु वा लिनु । टेबुलले कोठाको धेरै ठाउँ ओगटेको छ ।

**ओछ्याउनु** - [ओछ्याउ+(नु)] सक्रि. १. राडी, गलैँचा, डसना आदिलाई फिँजाउनु, विछ्याउनु, पल्ट्याएर राखेको वा बाँधेको ओछ्यानलाई फिँजाउनु । उसले पाहुनाका लागि गलैँचा ओछ्यायो ।

## औ

**औद्योगिकीकरण** - /औद्दयोगिकिकरण्/(तत्स.) [औद्योगिक+ई+करण] ना. विभिन्न उद्योग कलकारखाना आदिको स्थापना, विकास र विस्तार गर्ने प्रक्रिया वा त्यस्तो गतिविधि । वा. देशमा औद्योगिकीकरण बढेमा धेरैले रोजगारी पाउँछन् ।

**औपचारिक शिक्षा** - (तत्स.) ना. प्रचलित ढाँचामा आधारित तथा संस्थागत रूपमा दिइने शिक्षा, प्रचलित परिपाटीको शिक्षा । विप. अनौपचारिक शिक्षा । वा. नेपालमा औपचारिक शिक्षाको अवस्था निकै नाजुक रहेको छ ।

## क

**कदम** - /कदम्/(आ.) ना. हिँडाइको फड्को वा चाल, पाइलो । वा उनको घर मेरो घरबाट सय कदम पर छ ।

**कर्तव्य[1]** - /कर्तव्य/ (तत्स.) [<कृ+तव्य] ना. १. नैतिक, सामाजिक, धार्मिक, प्रशासनिक, कानुनी आदि दृष्टिले गर्नुपर्ने भनी तोकिएको काम, गर्नुपर्ने वा गर्न लायक कार्य । विप.

अकर्तव्य । २. असल आचरण, उचित व्यवहार । वा. विद्यार्थीको कर्तव्य अनुशासित भई अध्ययनमा लाग्नु हो ।

**कर्मशील** - (तत्स.) [कर्म+शील] वि. हे. कर्मनिष्ठ वा हामी कर्मशील भयौँ भने मात्र देशको विकास हुन्छ ।

**कलाकृति** - (तत्स.) [कला+कृति] ना. कलाकारले निर्माण गरेको वस्तु, रचना, कलात्मक कृति (चित्र, मूर्ति, साहित्य आदि) वा नेपाल कलाकृतिले धनी मानिन्छ ।

**कल्याण** - /कल्ल्याण/(तत्स.) ना.१. असल कुरा, भलाइ, हित । २. शुभ मङ्गल, वा. ईश्वरले तिम्रो कल्याण गरुन् ।

**काट्नु** - [काट्+(नु)] सक्रि. १. कुनै वस्तु वा प्राणीलाई धारिलो हतियारले हान्नु, प्रहार गर्नु । २. कुनै वस्तुलाई टुक्रा पार्नु, छिनाउनु । ३. लेखेको कुरा काट्नु । वा. उसले खुकुरीले खसी काट्यो ।

**कामकाज** - [काम+काज] ना. १. कामधन्दा, रोजगारी । २. उद्योग धन्दा, व्यवसाय । वा. कामकाजविना सहरमा बाँच्न सकिँदैन ।

**कार्यक्रम** - /कार्यक्रम्/ (तत्स.) [कार्य+क्रम] ना. १. विशेष गतिविधि, समारोह, उत्सव । वा. आजको रक्तदान कार्यक्रममा धेरै जनताले भाग लिए । २. समारोह, उत्सव, गतिविधि आदि सञ्चालन गर्नका लागि निर्धारित प्रक्रिया वा त्यसको क्रमबद्ध योजना ।

**कार्यसम्पादन** - (तत्स.) [कार्य+सूची] ना. १. गर्नुपर्ने कामको सूची, पूरा गर्ने काम, निर्धारित कार्यको कार्यान्वयन, जिम्मेवारी वहन गर्ने काम । वा. कार्यसम्पादन हेरेर मात्र कर्मचारीहरूलाई स्थायी गर्ने प्रक्रिया सुरु गरिनेछ ।

**कालान्तर** - /कालान्तर्/ (तत्स.) [काल+अन्तर] ना. १. धेरै पछिको समय, समयान्तर, समयको अन्तराल । २. युगान्तर । वा. रामका कालान्तरमा दुई सन्तान भए ।

**कृतार्थ** - /क्रितार्थ/ (तत्स.) [कृत+अर्थ] वि. १. कार्यसिद्ध भएकामा खुशी भएको सन्तुष्ट । वा. उसको कार्यबाट कृतार्थ भइयो । २. उद्देश्य वा प्रयोजन पूरा भएको । ३. कृतकृत्य, आभारी ।

**कृति** - /क्रिति/ (तत्स.) [कृ+ति] ना. कुनै रचना वा सृजना (पुस्तक, चित्र, मूर्ति आदि कलाकौशल) मुनामदन महाकवि देवकोटाको अमर कृति हो ।

**क्रान्ति** - (तत्स.) [<क्रम्+ति] ना. १. प्रचलित शासन व्यवस्था वा स्थापित सत्तामा परिवर्तनका लागि जनताका तर्फबाट भएको विद्रोह वा त्यस्तो गतिविधि । विप. शान्ति । वा. २००७ सालमा राणाशासनका विरुद्ध क्रान्ति भएको थियो ।

**क्रूर -** /क्रुर/ (तत्स.) वि. १. कठोर हृदयको, निर्दयी, निष्ठुर, निठुरी । २. दुष्ट स्वभावको दुराचारी (उदा. क्रूर कर्म) । वा. तिमी उसप्रति यति धेरै क्रूर नबन ।

**क्रोध -** /क्रोध/ (तत्स.) [<क्रुध्] ना. १. आफूलाई चित्त नबुझेको कार्य हुँदा वा कुनै कार्यबाट आफूलाई हानि हुने सम्झदा मनमा उब्जने आवेग, रिस, द्वेष, झोक । वा. शत्रुको चुनौतीले उसको मनमा क्रोध उत्पन्न भयो । २. साहित्यका नौ रसमध्ये एक रस रौद्र रस त्यसको स्थायी भाव ।

**क्षति** - /छ्यति/ (तत्स.) [क्ष+ति] ना. १. हानी, नोक्सानी, घाटा । २. नाश, खती । वा. बाढीले बानीनालीको क्षति भयो ।

**क्षमाशील** - /छ्यमासिल्/(तत्स.) [क्षमा+वान] वि. सहनशील, क्षमावान्, सहिष्णु । वा. सन्तानहरू क्षमाशील हुन्छन् ।

**क्षितिज -** /छितिज/ (तत्स.) [क्षिति+ज] ना. पृथ्वी र आकाश जोडिएजस्तो देखिने, आफु बसेभन्दा परको आकाशको परिधि वा त्यस्तो घेरो । वा. हवाइजहाजले क्षितिज पार गर्न लाग्यो ।

**क्षुद्र -** /छ्यदद्र, छुद्र/(तत्स.) वि./ना. नीच, तुच्छ, अधम । वा. राम क्षुद्रहरूको सङ्गत गर्नबाट तर्कन्छ । २. छुच्चो, छुद्र । ३. थोरै, अल्प । उदा. क्षीरभोजन ।

## ख

**खजमज** - /खज्मज्/(अमू.) द्वि [<खज] वि. खुम्चिएको, गज्याङ्गुजुङ भएको, गजमौरो । वा. रामको लुगा खजमजिएको छ मिलाऊ ।

**खण्डनमण्डन** - (तत्स.) [खण्डन+मण्डन] ना. कसैको विचार वा मतको विरोध र समर्थन, आलोचना र प्रशंसा । वादविवादमा पक्ष र विपक्षको विचारको खण्डनमण्डन हुन्छ ।

**खिरिलो** - [खिर+इलो] वि. (बहु./ति. खिरिला, स्त्री. खिरिली) १. कसिलो तर सानो र एकनासको । २. सानो तर दरिलो तथा खँदिलो (उदा. खिरिलो डोरी, खिरिलो मान्छे) । वा. कविताकी छोरी खिरिली छे ।

**खुराक** - /खुराक्/ (आ.) ना. खानेकुरा, भोजन, आहारा । (उदा. पशुको खुराक, मान्छेको खुराक) । २. खाद्यवस्तुको मात्रा वा परिणाम । ३. औषधीको मात्रा । वा. विरामीलाई खुराक मिलाएर औषधी खुवाउनु पर्छ ।

**खेतबारी** - [खेत+बारी] ना. धान रोपिने खेत र मकै, कोदो आदि लगाइने कुलो नलाग्ने पाखो जमिन, खेत र बारी । वा. खेतबारीमा बाली लगाइएको छ ।

**खैलाबैला** - द्वि. [<खलबल] ना. हल्लाखल्ला, खलबल, कोलाहल । वा. आगोलागी भएकाले गाउँमा खैलाबैला मच्चियो ।

**खोस्नु** - [खोस+(नु)] शक्ति १. अर्काको सामान बलपूर्वक लिनु, हडप्नु । वा. उसले मेरो कलम खोस्यो । २. कसैले गरिआएको इलम वा खाएको जागिरबाट हटाउन, बरखास्त गर्नु । वा. हाकिमले उसको जागिर खोस्यो ।

## ग

**गगन** - /गगन्/ (तत्स.) ना. आकाश, अन्तरिक्ष । विप. धर्ती । वा. रामको लक्ष्य गगन छुने रहेको छ ।

**गन्तव्य** - /गन्तब्य/ (तत्स.) [<गम्+तव्य] ना. १. जानुपर्ने वा पुग्नुपर्ने ठाउँ । गन्तव्य निश्चित नगरी यात्रा गर्नु ठीक छैन । २. लक्ष्य, उद्देश्य । उसले आफ्नो जीवनको गन्तव्य निश्चित गरेको छैन । वि. ३. पुग्नुपर्ने, जानुपर्ने, जान योग्य (उदा. गन्तव्य स्थान, गन्तव्य क्षेत्र) ।

**गन्ती** - /गन्ति/ [गम्+ती] ना. गन्ने काम, गणना, गिन्ती । उसले कोठाभित्रका सामानहरूको गन्ती गर्यो ।

**गम्भीर** - /गम्भिर्/ (तत्स.) वि. १. विचारका दृष्टिले गहिरो, गहन । आज सभामा गम्भीर विषयमा छलफल हुँदैछ । २. धैर्यशील, धीर, शान्त (उदा. गम्भीर व्यक्ति, गम्भीर स्वभाव) । ३. जटिल, कठिन । उदा. गम्भीर समस्या ।

**गाथा** - ना. १. लोकगीतको भाकामा भनिने कथा (उदा. लोकगाथा) । २. गीतिकथा । ३. कसैको स्तुतिगान, गुणगान (उदा. वीरगाथा) वा. नेपालीहरूको वीर गाथा धेरै पुरानो छ ।

**गिरी** - /गिरी/ पस. १. कुनै कार्य पेसा आदि जनाउन शब्दको पछाडि जोडिने शब्दांश (उदा. चम्चागिरी, दादागिरी) । ना. २. सन्यासीको एक उपाधि वा थर । वा. नवीन गिरी थरको मान्छे हो ।

**गुन्डा** - [<गुण्डो] ना. १. अरूलाई फोस्रो धाक, रवाफ देखाई ठग्ने व्यक्ति, डरत्रासले अरूलाई दुःख दिने व्यक्ति, फटाहा । वा. राति टोलमा गुण्डाहरूले हल्ला गरेर दुःख दिए । २. बाहिर ढाँटिएर हिँड्ने तर भित्रचाहिँ खोक्रो व्यक्ति (उदा. सुकुलगुन्डा) ।

**ग्रामीण -** /ग्रामीण्/ (तत्स.) [<ग्राम+ईन] वि. १. गाउँको, गाउँसँग सम्बन्धित, गाउँमा हुने । वा. ग्रामीण उद्योगको विकासबाट उनीहरू आत्मनिर्भर भएका छन् । २. गाउँमा बस्ने, गाउँले, ग्रामवासी ।

## घ

**घचारो -** [घच्च+आरो] ना. (ति. घचारा), घुइँचो, घचपच, भिडभाड, ठेलमठेल । वा. गाईवस्तुको घचाराले बाहिर निस्कन धेरै समय लाग्यो ।

**घटना** - (तत्स.) [घटन+आ] ना. १. अकस्मात भएको कुनै गतिविधि । हिजो त्यहाँ एउटा घटना घटेछ । २. विशेष गतिविधि । पासो लगाएर मरेको घटनाको जाँच हुँदैछ । ३. हत्या, दुर्घटना, डकैती आदि गतिविधि, काण्ड, पर्व (बैङ्क डकैतीको घटना, अपहरणको घटना) ।

**घण्टी** - /घन्टि/ [घण्ट+ई] ना. १. सानो घण्ट । २. टिन्न आवाज दिने यन्त्र, साइकल, घर, कार्यालय, कोठा आदिमा समयको सूचना वा विशेष सङ्केतका लागि बजाइने साधन वा त्यस्तो यन्त्र । वा. घन्टी लागेपछि विद्यार्थीहरू कक्षाभित्र पसे ।

**घरपालुवा -** [घर+पालुवा] वि. घरमा पालिने, घरेलु । वा. गाई घरपालुवा जनावर हो ।

**घृणा** - /घ्रिणा/ (तत्स.) ना. १. खराब काम वा आचरण गर्ने व्यक्तिप्रति दिक्दारी वा अनास्था, अनुचित गतिविधिप्रति वितृष्णा, अरुचि, घिन । वा. मलाई उसको व्यवहार देखेर घृणा जाग्यो । २. अपहेला, हेला । अपाङ्गहरूलाई घृणा गर्नु मानवता होइन ।

**घोचाघोच** - /घोचाघोच्/ [<घोच्+आ+घोच्] ना. १. एकले अर्कालाई घोच्ने काम, परस्परको घोचाइ । केटाकेटीले मरेको सर्पलाई घोचाघोच गरे । २. घोचपेच, छेडछाड । सभामा उनीहरूका बीचमा घोचाघोच चल्यो ।

**घोषणा -** /घोषणा/ (तत्स.) [घोषण+आ] ना. ठूला आवाजमा कुनै निर्णय वा अठोट सुनाउने काम, उद्घोषण । २. ठूला व्यक्ति, राजा, राष्ट्रप्रमुख आदिबाट जनतालाई सुनाउने प्रतिज्ञा, वाचा, विशेष निर्णय, हुकुम (उदा. चुनावको घोषणा, निर्णयको घोषणा, शाहीघोषणा) ।

**ङ**

**ङचक्क -** (अमू.) क्रियो. १. लचिलो वस्तु थिच्दा वा दबाउँदा खुम्चने वा तल झर्ने किसिम, ङ्याच्च । ऊ बस्दा खाट ङचक्क लच्कियो । वि. २. लच्चेको, खुम्चेको, लचक्क । भारी ङचक्क भयो ।

**ङरङर -** /ङर्ङर्/ (अमू.) हि. [<ङर] क्रियो. ना. बिरालो आदिले रिसाएर कराउँदाको किसिम वा त्यस्तो आवाज । वा. बिरालाको ङरङरले बालक बिउँझियो ।

**ङिच्च -** (अमू.) क्रियो. १. दाँत देखाउँदा वा हाँस्दाको एक किसिम । उसले दाँत ङिच्च देखायो । वि. २. हिस्स, वाल्ल, जिल्ल, निराश । साहुले पैसा नदिएकाले ऊ ङिच्च पर्‍यो ।

**ङ्याच्च -** (अमू.) क्रियो. १. लचिलो वस्तु थिच्दा, दबाउँदा वा खुम्चदाको किसिम । उसले हिलो ङ्याच्च टेक्यो । वि. २. खुम्चिएको, ङचक्क भएको, ङचक्क, लचक्क । वा. केटाकेटी उफ्रँदा गद्दा ङ्याच्च भयो । २. हे. ङिच्च ।

**च**

**चकचके -** /चकचके/ [चकचक+ए] वि. चकचक गरिरहने बानीको, चन्चले, छुकछुके, चुलबुले । वा. यो केटो ज्यादै चकचके छ ।

**चकित -** /चकित्/ (तत्स.) [चक्+इत] वि. आश्चर्यमा परेको, छक्क परेको, अचम्मित । कार्यक्रमको भव्यता देखेर अतिथिहरू चकित भए ।

**चञ्चला -** /चन्चला/ (तत्स.) [चञ्चल+आ] वि. चञ्चल स्वभावकी नारी । वा. सीता सञ्चल स्वभावकी छे ।

**चटपटाउनु -** /चट्पटाउनु/नाधा. [चटपट+आउ+(नु)] अक्रि. १. चटपट गर्नु, छटपट गर्नु, छट्पटाउनु, चलमलाउनु । निन्द्रामा उ चट्पटायो । २. जाँगर देखाउनु, उत्सुक हुनु, चासो देखाउनु ।

**चम्कनु -** [चम्क+(नु)] अक्रि. १. तेजीलो देखिनु, टल्कनु, जगमजाउनु । वा. आकाशमा विजुली चम्कियो । २. उन्नति हुनु, प्रगति गर्नु । वा. अहिले उसको व्यापार चम्किएको छ ।

**चलचित्र -** /चल्चित्त्र/ (तत्स.) [चल+चित्र] ना. चल्ने वा बोल्ने दृश्य र श्रव्य दुवैमा प्रस्तुत हुने चित्र, सिनेमा । वा. उनीहरू चलचित्र हेर्न गए ।

**चलन -** /चलन्/ (तत्स.) [चल्+अन] ना. १. चलिरहेको स्थिति, चालचलन, रीति, परम्परा, प्रथा, रिवाज । वा. दशैमा टीका लगाउने चलन छ ।

**चाँदनी -** /चाँदनि/ [चाँद+नी] ना. चन्द्रमाको उज्यालो, चन्द्रिका वा ज्योति । वा. पूर्णिमाको दिनमा चन्द्रमाको चाँदनी हेरेर उनीहरू दङ्ग परे ।

**चित्ताकर्षक -** /चित्ताकर्सक/ (तत्स.) [चित्त+आकर्षक] वि. चित्तलाई आकर्षित गर्ने, मन बहलाउने, मनमोहक, मनोहर । वा. हिमाली दृश्यहरू चित्ताकर्षक हुन्छन् ।

**चिरञ्जीवी -** /चिरन्जिबि/ (तत्स.) [<चिरम्+जीवी] वि. धेरै समयसम्म बाँच्ने, लामो आयु भएको, दीर्घजीवी । हजुरआमाले चिरञ्जीवी भएस् भनी आशीर्वाद दिनुभयो ।

## छ

**छक्क** - वि. १. आश्चर्यमा परेको, जिल्ल, चकित । वा. बाटामा अकस्मात् हामीलाई देखेर ऊ छक्क पर्यो । ना. आश्चर्य, उदेक, अचम्म । वा. उसको व्यवहार देखेर मलाई छक्क लाग्यो ।

**छाया** - (तत्स.) ना. कुनै वस्तु, व्यक्ति आदिले सूर्य, बत्ती आदिको प्रकाश छेकिँदा पर्ने ओझेल, छायाँ । त्यहाँ रूखको छाया परेको छ ।

**छुवाछुत -** /छुवाछुत्/[<छुत-अछुत] ना. छुतअछुत, छुन हुने वा नहुने अवस्था, छुनु हुन्छ वा हुँदैन भन्ने सोचाइ । ऊ छुवाछुत मान्दैन । अचेल छुवाछुत प्रथा हट्तै गएको छ ।

**छेकवार** - [छेक+बार] ना. १. छेक्ने वा बार्ने काम, छेको । वा. उसले फूलबारीमा छेकबार लगाएको छ । २. छेकथुन, रोकटोक ।

**छेकाछेक -** /छेकाछेक्/ [छेक्+आ+छेक] ना. परस्पर छेक्ने वा रोक्ने काम । वा. केटाकेटीहरूले बाटो छेकाछेक गरे ।

## ज

**जघन्य -** ⁄जघन्य⁄ (तत्स.) [<जघन+य] वि. १. अधम, नीच, निकृष्ट । २. घोर । ३. निन्दनीय (उदा. जघन्य अपराध) ।

**जनकल्याण -** (तत्स.) [जन+कल्याण] ना. जनताको कल्याण वा भलाइ, जनताको हित हुने कार्य, जनहित । वा. शिक्षा, स्वास्थ्य, सुरक्षा आदिका गतिविधि जनकल्याणका लागि आवश्यक हुन्छन् ।

**जनता -** (तत्स.) ना. कुनै देशका बासिन्दा, देशमा बस्ने मानिसहरूको समूह, जनसमूह, लोक । वा. शिक्षाको अवसर बढेमा जनताको जीवनस्तर उठाउन सहयोग मिल्छ ।

**जमात् -** ⁄जमात्⁄ (अ.) ना. १. मानिसहरूको समूह, गुट । वा. त्यहाँ मान्छेको ठूलो जमात देखिन्छ । २. भिड, घुइचो, हुल । वा. त्यत्रो जमातमा सबैलाई भेटेर कहाँ सकिन्थ्यो र ? ३. बथान, बगाल (उदा. भेडाको जमात) ।

**जरिवाना -** (आ.) ना. हे. जरिमाना ।

**जाइलाग्नु -** [जाइ+लाग्नु] (टु) आक्रमण गर्नु, सामना गर्नु । वा. आइलाग्नेसँग ऊ जाइलाग्यो ।

**जागरुकता** - ⁄जागरुकता⁄ (तत्स.) [जागरुक+ता] ना. सचेतता, सतर्कता, साबधानी, होसियार । वा. शिक्षाले आफ्नो अधिकार र कर्तव्यप्रति जागरुकता बढाउँछ ।

**जाज्वल्यमान् -** ⁄जाज्वल्ल्यमान्⁄(तत्स.) हि. [<सं. ज्वलयामान] वि. १. चम्किलो, तेजिलो, उज्यालो, भरभराउदो, धपक्क बलेको (उदा. जाज्वल्यमान किरण, जाज्वल्यमान नक्षत्र) । २. जल्दोबाल्दो देदिप्यमान (उदा. जाज्वल्यमान प्रतिमा) वा. बालकृष्णसम जाज्वल्यमान साहित्यकार हुन् ।

**जात्रा -** ⁄जात्त्रा⁄ ना. १. कुनै विशेष पर्वमा देवीदेवताको सम्झनामा मनाइने उत्सव र त्यस अवसरमा निकालिने बाजागाजा सहितको जुलुस, भेला (उदा. इन्द्रजात्रा, गाईजात्रा) वा. छाता नबोकेकाले झरीमा उसको जात्रा भयो ।

**जासुस -** ⁄जासुस⁄ (आ.) ना. १. विपक्ष वा शुत्रका गतिविधिको चियो तथा चासो गर्न खटिएको व्यक्ति, गुप्तचर, खुफिया, सिआइडी । २. चियो, गुप्तचरी । वा. ऊ तिम्रो जासुस गर्दैछ ।

**जाहेर** - /जाहेर/ आ. ना. १. कुनै विवरण कसैसमक्ष प्रस्तुत गर्ने वा अवगत गराउने काम, बिन्ती । वा. उसले अदालतसमक्ष आफ्नो भनाइ जाहेर गर्यो । वि. प्रकट भएको, ज्ञात, अवगत ।

**जिकिर** - /जिकिर्/ (आ.) ना. १. बहसको सिलसिलामा आफ्नो पक्षबाट दिइने तर्क, मुख्य भनाइ । वा. प्रगतिवादीको तर्फबाट उनले जिकिर प्रस्तुत गरे । २. प्रसङ्गको उठान, उल्लेख वा चर्चा । वा. त्यस छलफलमा तिम्रो समस्याको जिकिर भएन ।

**जिज्ञासा** - /जिग्ग्याँसा/ (तत्स.) द्वि. [<ज्ञा+स+आ] १. कुनै कुरा जान्ने तथा बुझ्ने इच्छा । अध्ययनले थप जिज्ञासा बढाउँछ । २. उत्कण्ठा, उत्सुकता । जिज्ञासा शान्त पार्न उसले प्रश्न सोध्यो ।

**जुक्ती** - /जुक्ति/ना. १. कुनै कामकुरा जान्ने बुझ्ने वा भेट्टाउने तरिका, उपाय, युक्ति । वा. जुक्ती लगाएर गह्रौ भारी उचालियो । २. अक्कल, क्षमता ।

**ज्वलन्त** - (तत्स.) [ज्वल्+अन्त] वि. १. जल्दोबल्दो, देदिप्यमान, बलिरहेको । २. टड्कारो, सुस्पष्ट (उदा. ज्वलन्त नमुना, ज्वलन्त समस्या) ।

### झ

**झकमक्क** - (अमू.) वि. १. लुगा, गहना आदिले सिँगारिदाको किसिम, झक्किझकाउ । वा. उनी लुगा गहनाले सिँगारिएर झकमक्क भइन् । २. ढकमक्क, परिपूर्ण । वा. फूलबारी फूलहरूले झकमक्क छ ।

**झट्पटी** - /झट्पटि/ [झटपट+ई] क्रियो. १. हे झटपट २. हे. हतपती । सीता तिमी झट्पटी घर फर्क ।

**झण्डा** - /झन्डा/ (आ.) ना. हे. झन्डा ।

**झन्कनु** - [झन्क+(नु)] अक्रि. १. झनक्क हुनु, आवेशमा आउनु, रिसाउनु, फन्कनु, सन्कनु । वा. तिम्रो कुरा सुनेर ऊ झन्कियो । २. बाजाको मधुरो आवाज आउनु, झम्कनु, घन्कनु । बाजा झन्केपछि उनीहरू नाच्न थाले ।

**झपार्नु** - [झपार्+(नु)] सक्रि. गल्ती गर्दा चर्को स्वरले हकार्नु, हप्काउनु । बेलामा घर नआउँदा उसले भाइलाई झपार्‍यो ।

**झिलमिल** - /झिल्मिल्/ (अमू.) द्वि. [<झिल] क्रियो. १. झिलमिल हुँदाको किसिम, झिलमिल, तिरमिर । वा. पोखरीको पानीमा घामको छायाँ झिलमिल टल्कँदैछ । ना. २. टलक, चमक ।

## ट

**टक्क** - (अमू.) क्रिया. १. चल्दै वा हिँड्दै गरेको वस्तु एक्कासि रोकिँदाको किसिम । वा. हिँड्दाहिँड्दै ऊ टक्क अडियो । ना. २. ठोकाइ वा हिँडाइको आवाज ।

**टलक्क** - (अमू.) क्रिया. टल्कँदा वा चम्कँदाको किसिम, टिलिक्क, झिलिक्क । वा. रातो टीका निधारमा टलक्क टल्कियो ।

**टुट्नु** - अक्रि. १. धागो, डोरी आदि चुँडिनु, काठ, फलाम आदि भाँचिनु । वा. पाइप टुटेछ, पानी आउन छाड्यो । २. अलग्गिनु, छुट्नु, छुट्टिनु, विच्छेद हुनु । हामीसँग उनीहरूको सम्पर्क टुट्यो ।

**टेलिप्रिन्टर** - /टेलिप्रिन्टर/ (आ.) [टेलि+प्रिन्टर] ना. ध्वनितरङ्गका रूपमा आएको सङ्केत, सूचना वा खबर आदिलाई स्वचालित रूपमा टाइप गर्ने एक प्रकारको मुद्रण यन्त्र ।

**टेलिभिजन** - /टेलिभिजन्/(आ.) [टेलि+भिजन] ना. टाढाबाट प्रसारण गरिएको दृश्य र आवाज दुवै देख्न र सुन्न सकिने एक प्रकारको विद्युतीय सञ्चारको माध्यम वा त्यस्तो यन्त्र । टेलिभिजनमा देशविदेशमा घटेका ताजा घटनाहरूको दृश्य देखाइन्छ ।

## ठ

**ठग्नु** - [ठग्[+(नु)] सक्रि. १.कसैबाट कुनै वस्तु झुक्याएर लिनु । वा. उसले मलाई पैसा ठगेछ । २. धोका दिनु, छकाउनु, ढाँट्नु । उसले मकहाँ आउँछु भनेर ठग्यो । ३. लेनदेनमा दिनुपर्ने जति वस्तु नदिनु ।

**ठटेउलो** - [<ठट्टा+एउलो] वि. (बहु./ति. ठटेउला, लघु/स्त्री. ठटेउली) हे. ठट्यौलो ।

**ठटयाकठुटुक** - /ठट्याकठुटुक/ (अमु.) द्वि. [<ठट्याक] ना. आपसी सानोतिनो झगडा, भनाभन वा बाझो । आज रामको साथीहरूका बीच सानो निहुँमा ठट्याकठुटुक पऱ्यो ।

**ठाउँ** - ना. १. कुनै निश्चित स्थान, थलो । २. खाली जग्गा वा सिट । बस्ने ठाउँ छैन नजाऊ । ३. टुङ्गो, ठेगाना । वा. ऊ बसेको ठाउँ पत्ता लागेन । ४. उपयुक्त स्थान । ५. परिवेश, मौका, अवसर र परिस्थिति ।

**ठाडो** - वि. (बहु./ति. ठाडा, स्त्री. ठाडी) १. खडा भएको, नखुम्चिएको, उभिएको, अग्लिएको, सीधा माथि उठेको, विप. बाङ्गो (उदा. ठाडो रूख, ठाडो शिर) । वा. विजयले राम्रो काम गरेकाले ऊ ठाडो शिर लाएर हिँड्छ ।

### ड

**डकर्मी** - /डकर्मि/ (आ.) ना. घरको गारो लगाउने व्यक्ति वा त्यस्तो कालिगड । डकर्मीहरू घर बनाउँदै छन् ।

**डकैती** - /डकैति/ (आ.) [डकैत+ई] ना. डाका गर्ने काम, अर्काको धनमाल लुट्ने काम, डकैत । वा. किशोरको घरमा दिउसै डकैती भयो ।

**डगमगाइ** - /डग्मगाइ/[डगमग+आइ] ना. डगमग गर्ने काम, डगमगाइ (उदा. डुङ्गाको डगमगाइ) ।

**डब्बल** - /डब्बल्/ (आ.) हे. डबल ।

**डाँकु** - (आ.) ना. डकैती गर्ने व्यक्ति, डाका, लुटेरा । वा. हरि कुख्यात डाँकु हो ।

### ढ

**ढङ्गढाँचा** - [ढङ्ग+ढाँचा] ना. १. कुनै काम गर्ने तरिका, चाल, चालामाला वा शैली । वा. कामदारहरूको ढङ्गढाँचा देखेर आज काम सिद्धिएला जस्तो लागेन ।

**ढाँचा** - ना. १. कुनै वस्तुको बनोट, संरचना वा खाका । तलको ढाँचाअनुसार वाक्य बनाऊ । २. कुनै वस्तुको नमुना, प्रतिकृति, प्रतिरूप । शिक्षकले चिठीको एउटा ढाँचा विद्यार्थीलाई सुनाए । ३. नक्कल, ढर्रा, ढङ्ग । ऊ ढाँचा पारेर बोल्न सिपालु छ ।

**ढिलासुस्ती** - /ढिलासुस्ति/ [ढिलो+सुस्ती] ना. ढिलो चाल, ढिलाइ । अफिसको ढिलासुस्तीले धेरै दिन बित्यो ।

**ढिलो** - वि. (बहु./ति. ढिला, स्त्री. ढिली) १. अल्छी वा जुम्सो स्वभावको, लोसो, सुस्त । वा. ऊ काममा असाध्य ढिलो छ । २. कुनै काममा छिटोपन नभएको स्थिति, ढिलाइ, बियालो, बिलम्ब विप. छिटो । वा. ऊ घरमा ढिलो पुग्यो ।

**ढुक्क** - (अमू.) वि. १. कुनै शङ्का, डर आदि नभएको, निस्फिक्री, निर्धक्क । वा. ऊ जाँचमा सफल हुन्छु भनेर ढुक्क छ ।

## त

**तड्पाइनु** - [<तड्पाउ+इ+(नु)] कक्रि. तड्पने पारिनु, छटपटीमा पारिनु, कल्पाइनु । वा. उसलाई धेरै दिन तड्पाइयो ।

**तपोवन** - (तत्स.) [तपस्+वन] ना. तपस्या गर्नका लागि उपयुक्त वन, तपोभूमि । वा. ऋषिमुनिहरू तपोवनमा बसेर तपस्या गर्दथे ।

**ताँदो** - ना. (बहु./ति. ताँदा) धनुका दुवै छेउमा अड्काइने डोरी । वा. रामले धनुमा ताँदो चढाए ।

**ताम्रपत्र** - (तत्स.) [ताम्र+पत्र] ना. १. तामाको पातो । २. तामाको पातामा लेखिएको सामग्री वा त्यस्तो दानपत्र । वा. गुठीको स्थापना सम्बन्धी विवरण ताम्रपत्रमा लेखिएको छ ।

**तीर्थयात्रा** - (तत्स.) [तीर्थ+यात्रा] ना. तीर्थहरूमा घुम्ने काम, तीर्थाटन । वा. कल्पना हिउँदमा सधैँ तीर्थयात्रा जान्छिन् ।

**तीर्थाटन** - /तिर्थाटन्/ (तत्स.) [तीर्थ+अटन] ना. हे. तीर्थयात्रा ।

**तुल** - /तुल/ (तत्स.) ना. १. एकप्रकारको रातो कपडा । २. कपास, रुवा । ३. आइमाईहरूले कपाल बाँध्ने एक प्रकारको रातो धागो ।

**तृष्णा** - /त्रिस्णा, त्रिस्ना/ (तत्स.) [<तृष्+न+आ] ना. १. तिर्खा, प्यास । २. चाहना, लालसा, उत्कण्ठा । अरबपति हुँदा पनि उसमा धन कमाउने तृष्णा घटेको छैन ।

**तेज** - /तेज/ (आ.) वि. १. फुर्तिलो, छिटोछरितो । वा. यो घोडा तेजगतिमा दौडन्छ । २. धारिलो, तीखो, तीक्ष्ण, प्रखर (उदा. तेज हतियार) ।

## थ

**थपथपाउनु** - /थप्थपाउनु/ नाधा. [थपथप+आउ+(नु)] सक्रि. हातले कसैको पिठिउँमा थपथप पार्नु, धाप मार्नु, स्याबासी दिनु, खेलमा पदक जितेकाले शिक्षकले उसको ढाडमा थपथपाए ।

**थपाथप** -/थपाथप्/ [थप्+आ+थप] ना. १. एक अर्काले कुनै वस्तु थप्ने काम । वा. उनीहरूले चन्दाको बाकसमा पैसा थपाथप राखे । २. अत्याधिक थप्ने काम, धेरै थपाइ । वा. भात थपाथप भयो । ३. कुनै वस्तु सामान आदि क्रमसँग वा धमाधम झिक्ने वा राख्ने काम ।

**थर्काइ** - [थर्क/थर्काउ+आइ] ना. १. थर्कने काम वा क्रिया । कम्प, हल्लाइ (उदा. भूकम्पको थर्काइ) । २. थरथर काम्ने काम, डरत्रास । ३. कसैलाई डर देखाउने काम, हप्काइ, बम्काइ । वा. हाकिमको थर्काइपछि उनीहरू केही सतर्क भए ।

**थारो** - वि. (बहु./ति. थारा, स्त्री. थारी) १. नब्याउने, बच्चा नजन्माउने बेला, बाँझो (उदा. थारो गाई, थारो भैँसी) । २. फल नलागेको, फल नउब्जाउने (उदा. थारो मकै) । वा. यसपालीको बाली सबै थारो भएछ ।

**थालनी** - /थालनि/ [थाल+अनी] ना. थाल्ने काम, सुरुआत, प्रारम्भ, थालनी । विप. समाप्ति । वा. घर बनाउने कामको थालनी भयो ।

## द

**दम्भ** - (तत्स.) ना. १. देखावटी सान, अनावश्यक फुर्तीफार्ती । वा. भोजमा उसले दम्भ प्रदर्शन गर्यो । २. आडम्बर, घमण्ड, अहङ्कार । वा. ज्ञानगुनभन्दा उसको बोलीमा दम्भ बढी छ ।

**दया** - (तत्स.) ना. १. अर्काको दुःख देखेर वा अनुभव गरेर मनमा उब्जने संवेदना, करुणा, कृपा, विप. घृणा । वा. गरिब माथि दया गर । २. कसैप्रति गरिने नरम तथा उदार व्यवहार । वा. मैले उसप्रति केही दया देखाएँ ।

**दयालु** - (तत्स.) [दया+आलु] वि. दया भएको, दया गर्ने, दयावान्, कृपालु । विप. निर्दयी, क्रूर । (उदा. दयालु भावना) ।

**दाखिला** - (आ.) ना. हे. दाखिल ।

**दासप्रथा** - (तत्स.) [दास+प्रथा] ना. मानिसलाई पशुजस्तै किनबेच गरेर नोकरचाकर बनाउने प्रथा । नेपालमा दासप्रथा उन्मुलन भएको धेरै वर्ष भयो ।

**दिनचर्या** - (तत्स.) [दिन+चर्या] ना. १. दिनभरी गरिने कामकाज, दैनिक जीवन, दैनिकी । वा. समाजसेवामा उसको दिनचर्या बितेको छ । हरेक दिनमा गरिने आचार-व्यवहार, नित्यकर्म । रामको धर्मकर्म गर्नु उसको दिनचर्या जस्तै भएको छ ।

**दिव्यदृष्टि** - (तत्स.) [दिव्य+दृष्टि] ना. १. अदृश्य वा अलौकिक वस्तु समेत देख्न सक्ने आँखा, दिव्यचक्षु । वा. ऋषिले दिव्यदृष्टिले हेरेर जोगीको भेषमा आएका राक्षसलाई चिने । २. भित्री आँखा, ज्ञानचक्षु ।

**दिव्योपदेश -** (तत्स.) [दिव्य+उपदेश] ना. १. उत्कृष्ट उपदेश वा. पृथ्वीनारायण शाहले अन्तिम समयमा भाइभारदारहरूलाई दिएको उपदेश ।

**दीक्षा -** /दिक्छ्या, दिछ्या/ (तत्स.) [दीक्ष+आ] ना. हे. शिक्षा । २. गुरुद्वारा प्राप्त गरिने मन्त्र । गुरु तथा मान्यजनबाट प्राप्त संस्कार । ३. तान्त्रिक विधिद्वारा ग्रहण गरिने मन्त्र (उदा. दीक्षामन्त्र) ।

**दीन** - /दिन्/ (तत्स.) वि. १. धन नभएको गरिब, दरिद्र, निर्धन । २. दुःखित पीडित (उदा. दीनदुःखी) । ३. दयालाग्दो, दयनीय । वा. हामीले दीनदुःखिलाई माया गर्नुपर्छ ।

**दीर्घजीवी -** (तत्स.) [दीर्घ+जीवी] वि. धेरै समयसम्म बाँच्ने लामो जीवन भएको, चिरञ्जीवी । वा. कछुवा दीर्घजीवी प्राणी हो ।

**दुरी -** /दुरी/ [दुर्+ई] ना. १. एक ठाउँ वा समयका बीचको फरक, अन्तराल । वा. यो गाउँ सदरमुकामबाट दश किलोमिटरको दुरीमा छ ।

**दुर्गम -** /दुर्गम्/(तत्स.) [दुर्+गम] वि. १. जान कठिन, आवतजावत गर्न गाह्रो हुने, विकट, विप. सुगम । (उदा. दुर्गम क्षेत्र) वा. संखुवासभा दुर्गम जिल्ला हो ।

**दुर्भाग्य** - /दुर्भाग्य/(तत्स.) [दुर्+भाग्य] ना. १. खराब भाग्य, अभाग, विप. सौभाग्य । २. प्रतिकुल परिस्थिति । वा. एसएलसी फेल हुनु सीताको दुर्भाग्य हो ।

**दुलही** - /दुलहि/ [दुलहा+ई] ना. १. बिहाका लागि छानिएकी कन्या, बेहुली, बधु, भरखर बिहा भएकी स्त्री । वा. दुलहीलाई सिँगारेर मण्डपमा ल्याइयो ।

**दूरदर्शी -** /दुरदर्सि/ (तत्स.) [दुर्+दर्शी] वि. १. टाढासम्म देख्ने, दूरदर्शक । २. पछिसम्मको विचार गर्ने, भविष्यको कुरा सोच्ने, भविष्यको ख्याल राख्ने (उदा. दूरदर्शी मान्छे) वा. पृथ्वीनारायण शाह दूरदर्शी व्यक्ति हुन् ।

**दृढ** - /द्रिढ/ (तत्स.) [<दृह+त] वि. १. दह्रो, बलियो, मजबुत, विप. शिथिल । (उदा. दृढहस्त, दृढशरीर) । २. खपाउ, टिकाउ, दिगो । वा. गीता दृढ स्वभावकी केटी हो ।

**देवर्षि -** /देबर्सि/ (तत्स.) [<देव+ऋषि] ना. देवताका ऋषि, देवता समानका ऋषि (उदा. देवर्षि नारद) वा. देवर्षिहरू नदिकिनारमा तपस्या गर्छन् ।

**देशद्रोही -** (तत्स.) [देश+द्रोही] वि. देशको स्वार्थमा हानि पुऱ्याउने राष्ट्रलाई घात गर्ने, राष्ट्रघाती । वा. देशद्रोही यदि छ त कहीँ माथ नै ताक्छु त्यसको ।

**देह -** (तत्स.) ना. १. मानिस वा प्राणीको शरीर, जीउ, चोाल । २. जीवन (उदा. देहत्याग) । वा. ऋषिमुनिहरू देह त्याग्ने गरी तपस्या गर्छन् ।

**देहान्त -** (तत्स.) [देह+अन्त] ना. देहको अन्त्य, मृत्यु, देहत्याग, देहावसान, निधन । वा. सीताको हिजो देहान्त भयो ।

**दैलो -** [<देहली] ना. (बहु./ति. दैला) घरभित्र पस्ने ठाउँ, ढोका । वा. मेरो घरको दैलो पूर्वपट्टि फर्किएको छ ।

**द्रवीभूत -** /द्रबिभुत्/ (तत्स.) [द्रव+ई+भूत] वि. १. पग्लेको, द्रवित । २. दया, शोक आदिले विह्वल, दयार्द्र । वा. उसको करुण कहानी सुन्दा म द्रवीभूत भएँ ।

**द्वारा -** [<द्वार्] विभ. १. माध्यम, साधन तथा करण कारक जनाउन आउने विभक्ति चिह्न, तृतीया विभक्तिको चिह्न । मार्फत् बाट । वा. ऊ बसद्वारा काठमाडौँ आयो ।

## ध

**धजो -** [धज+ओ] ना. (बहु./ति. धजा) १. देवीदेवतालाई चढाइने वा शुभकार्यमा उपयोग गरिने सेतो, रातो आदि रङको कपडाको सानो लामो टुक्रो । वा. उसले देवीथानमा धजो चढायो । २. एउटा ध्वजा । ३. कपडाको सानो टुक्रा ।

**धमिरो -** ना. (बहु./ति. धमिरा) हे. धमिरा ।

**धम्काउनु -** नाधा. [धम्की+(नु)] सक्रि./प्रेक्रि. धम्की दिनु, हप्काउनु, दप्काउनु । वा उसले मलाई पिट्छु भनी धम्कायो ।

**धरातल** - /धरातल्/(तत्स.) [धरा+तल] ना. १. पृथ्वीको माथिल्लो तह, सतह । वा. पहाडी धरातल एकनासको हुँदैन । २. आफूले टेकेको जमिन, आफू अडिएको ठाउँ, भुइँ । ३. कुनै कुराको पृष्ठभूमि, आधार, जग (उदा. वैचारिक धरातल) ।

**धर्मकर्म** - (तत्स.) [धर्म+कर्म] ना. १. धर्म हुने कार्य वा गतिविध, पुण्यकर्म, धार्मिक कार्य । २. पुण्यकर्म, पूजापाठ, तीर्थव्रत, यज्ञ, तपस्या, दान आदि । वा.सन्तोष धर्मकर्ममा व्यस्त छ ।

**धर्मसङ्कट** - (तत्स.) [धर्म+सङ्कट] ना. कर्तव्य पूरा गर्दा नैतिक रूपमा अप्ठेरो पर्ने स्थिति, धर्मपालन गर्दा आफूलाई परेको सङ्कट । वा. अश्वत्थामा मारिए भन्नुपर्दा युधिष्ठिरलाई धर्मसङ्कट परेको थियो ।

**ध्यानाकर्षण** - (तत्स.) [ध्यान+आकर्षण] ना.१. कसैको ध्यान आफूतिर खिच्ने काम । वा. उनले सभामा प्रश्न गरेर सहभागीहरूको ध्यानाकर्षण गरे ।

**ध्येय** - (तत्स.) [<ध्यै+य] वि. १. ध्यान गर्न योग्य, चिन्तन गर्न लायक, चिन्तनीय (उदा. ध्येय विषय) । ना. २. लक्ष्य, उद्देश्य, ध्याउन्न । खेलमा उत्कृष्टता हासिल गर्नु उसको ध्येय बनेको छ ।

**ध्वजापताका** - (तत्स.) [ध्वजा+पताका] ना. १. उत्सव आदिमा टाँगिने रङ्गीबिरङ्गी कपडा, कागज, फूलपात आदिबाट बनेको सजाउने सामग्री । वा. वार्षिक उत्सवका दिन विद्यालयमा ध्वजापताका टाँगिएको थियो ।

**ध्वनि** - (तत्स.) [ध्वन्+इ] ना. १. सुन्न सकिने आवाज, शब्द वा स्वर । त्यतातिरबाट गीत गाएको मधुरो ध्वनि सुनिदैछ । २. मुखबाट उच्चारित हुने आवाजको न्यूनतम एकाइ वा वर्ण (उदा. क, ख, प, अ) ।

## न

**नक्षत्र** - /नक्छ्यत्र, नछ्यत्र/(तत्स.) ना. १. आकाशमा देखिने ताराहरूको समूह, तारा । २. ज्योतिषशास्त्र अनुसार २७ ताराको समूह, जसलाई मनुष्यको शुभ अशुभको कारण मानिन्छ ।

**नवीन** - /नबिन्/ (तत्स.) [नव+ईन] वि. नयाँ, नौलो । (नवीन योजना, नवीन कार्य) । वा. युवकहरूले नवीन कार्य गर्नुपर्छ ।

**नाता** - ना. जन्म, विवाह आदिबाट बनेको सम्बन्ध, बन्धुवान्धव तथा कुटुम्बसँगको सम्बन्ध, साइनो । वा. नाताले उनी मेरा दाजु पर्छन् ।

**नाप** - /नाप्/ [<नाप्] ना. १. वस्तुको लम्बाइ, चौडाइ आदिको परिणाम, नापो । वा. यस कपडाको नाप कति हो ।

**नाफाखोरी** - /नाफाखोरि/ (आ.) [नाफाखोर+ई] ना. आर्थिक कारोबारबाट अनुचित लाभ लिने काम । वा. विश्वास नाफाखोरी कार्यमा अग्रसर छ ।

**नित्यकर्म** - (तत्स.) [नित्य+कर्म] ना. १. प्रतिदिन गरिने काम, दैनिक कार्य । वा. सरोज नित्यकर्म सकेर विद्यालय गयो ।

**निर्देशक** - /निर्देसक्/ (तत्स.) [<निर्+दिश्+अक्] वि. १. कुनै कुरालाई देखाउने वा औँल्याउने, पथप्रदर्शक, सङ्केतक । २. कुनै कुरा स्पष्ट पार्ने, चम्काउने, प्रकाश पार्ने । ३. प्रतिरूप, दृष्टान्त, उदाहरण, नमुना । वा. विद्यार्थीहरू निर्देशकको नियम पालना गर्न तयार छन् ।

**निधि** - (तत्स.) [नि+धि] ना. १. बहुमूल्य तथा महत्त्वको वस्तु धेरै मात्रामा भएको ठाउँ, खानी । २. धनसम्पत्तिको गुप्त भण्डार, खजना । वा. हामीले प्राकृतिक निधिहरूको संरक्षण गर्नुपर्छ ।

**निराश** - /निरास्/ (तत्स.) [<निर्+आशा] वि.आशा नभएको, हताश । वा. एकपटक खेल हार्दैमा तिमी निराश नहोऊ ।

**निर्माता** - (तत्स.) [निर+मा+ता] वि. १. निर्माण तथा रचना गर्ने, बनाउने, रचयिता । (उदा. मूर्तिका निर्माता) । वा. रानीपोखरीका निर्माता प्रताप मल्ल हुन् ।

**निवेदन** - /निबेदन्/ (तत्स.) [<नि+वद्+अन] ना. १. कुनै व्यक्ति वा संस्थाले कार्यालयमा दिइने अनुरोधपत्र, दरखास्त, बिन्तीपत्र, आवेदन । उसले नागरिकताको प्रमाणपत्र लिन निवेदन दियो ।

**निष्ठा** - /निष्ठा/ (तत्स.) [नि+स्था] ना. कुनै कर्तव्य वा सिद्धान्तप्रति राखिने विश्वास, आस्था, श्रद्धा । वा. व्यग्यप्रति उसको निष्ठा छ ।

**नीति** - /निति/ (तत्स.) [नी+ति] ना. १. लोकले लिनुपर्ने आचार व्यवहारको सही बाटो, सदाचार, कर्तव्य, आचरण । २. समाज, सरकार, संघसंस्था आदिले आफ्नो कार्य सञ्चालन गर्न निर्धारण गरेको मुख्य विधि वा मान्यता । वा. नियमको शासन भएमा मात्र समाज व्यवस्थित हुन्छ ।

**न्याय** - (तत्स.) ना. १. मुद्दामामिलामा पक्ष र विपक्षका कुरा सुनी दिइने सही निर्णय, फैसला, निसाफ, विप. अन्याय । २. उचित भनाइ ३. नीति विधिविधान । ४. पूर्वाध दर्शनहरू मध्ये एक दर्शन (उदा. न्यायदर्शन) ।

## प

**पक्ष** - /पक्छ्य, पछ्य/ (तत्स.) ना. १. वादविवाद, झगडा आदिका विभिन्न प्रतिस्पर्धी समूहमध्ये कुनै एक दल । उसले वादविवादमा पक्षबाट बोल्यो । ऊ तिम्रो पक्षमा लाग्यो । २. दायाँ, बायाँमध्ये कुनै एक छेउ, पार्श्व (उदा. बामपक्ष, दक्षिण पक्ष) ।

**पगला** - /पग्ला/ (आ.) [<पागल+आ] ना. १. बहुला, पागल, पग्लाहा । २. सिल्पट, सिल्ली । वा. राम त पगला भएछ ।

**पतिव्रता** - (तत्स.) [पति+व्रता] वि.आफ्नो पतिमा निष्ठा भएकी, सत्यनिष्ठ रहेकी, सती । तुल. पत्नीव्रता (उदा. पतिव्रता नारी) । वा.सीता पतिव्रता नारी हुन् ।

**परजीवी** - (तत्स.) [पर+जीवी] वि. १. अर्काको भरमा बाँच्ने, अर्काको आश्रयमा रहेको, पराश्रित, पराधीन (उदा. परजीवी व्यक्ति) वा. नेपालको जनसङ्ख्या परजीवी व्यक्तिहरू धरै रहेका छन् ।

**परदेश** - /पर्देस्/ (तत्स.) [पर+देश] ना. १. अर्काको देश, विदेश । वा. ऊ परदेश गएको छ । २. आफू बसेको ठाउँभन्दा टाढाको ठाउँ, अपरिचित ठाउँ (उदा. परदेशी चाला) ।

**परहित** - (तत्स.) [पर+हित] ना. अर्काको भलाइ, अरूको हित, परोपकार । वा. उनी आफ्नोभन्दा परहितलाई ध्यान दिन्छन् ।

**पराजय** - (तत्स.) [परा+जय] ना. प्रतियोगितामा खेल, युद्ध आदिमा कुनै एक पक्षको हार, पराभव । विप. विजय । वा. खेलमा राम्रो पक्षले पराजय भोग्नु पर्यो ।

**परिपालक** - (तत्स.) [परि+पालक] वि. १. राम्ररी परिपालन  गर्ने, पालनपोषण गर्ने । ना. २. संरक्षक । वा. हामीले वृद्धहरूको राम्रोसँग परिपालक गर्नुपर्छ ।

**परिवेश** - /परिवेश/ (तत्स.) [परि+वेश] ना. १. वस्तुको वरिपरि रहेको ठाउँ, खास कार्य वा घटना हुँदाको आसपासको क्षेत्र, वरपरको स्थिति, सेरोफेरो (उदा. ग्रामीण परिवेश, शान्त परिवेश) वा. रुद्रराज पाण्डेले ग्रामीण परिवेशमा रहेर आफ्ना कथा रचना गरेका छन् ।

**पर्यटक** - /पर्यटक्/  (तत्स.) [<परि+अट्+अक] ना. देश विदेश घुम्ने, पर्यटन गर्ने मानिस, घुमक्कड, घुमन्त (टुरिस्ट) । वा. विदेशी पर्यटकहरू नेपालको प्राकृतिक छटा हेर्न आउँछन् ।

**पर्यटन** - /पर्यटन्/  (तत्स.) [<परि+अट्+अन] ना. महत्त्वपूर्ण प्राकृतिक, सांस्कृतिक आदि स्थलहरूको भ्रमण, त्यस्ता ठाउँको यात्रा गरी मनोरञ्जन लिने काम (उदा. पर्यटन व्यवसाय) वा. केही  वर्षयता नेपालमा पर्यटन व्यवसाय निकै फस्टाएको छ ।

**पाप** - /पाप्/(तत्स.) ना. १. खराब वा अशुभ मानिएको कर्म, कुकर्म, पातक, कुकृत्य विप. धर्म । वा. मानिसहरू पाप कटाउन धर्म  गर्छन् ।

**पारख -** ⁄पारख्⁄ (आ.) ना. १. कसैको गुणदोष, असलखराब आदि विशेषता पहिल्याउने काम । वा. जौहरीले हिरामोतिको पारख गर्न जान्दछ । २. परीक्षा जाँचपडताल ।

**पालो -** ना. (बहु.⁄ति. पाला) १. एकपछि अर्को क्रम, पटक, खेप, ताल । हरि आफ्नो खेल्ने पालो पर्खेर बसेको छ । २. सिलसिला क्रम ।

**पाषण -** ⁄पासष्ण⁄ (तत्स.) ना. १. पथ्थर, ढुङ्गो, शिला (उदा. पाषणमूर्ति) वि. २. निर्दयी, क्रूर (उदा. पाषण हृदय) वा. कमला पाषण मन भएकी केटी हो ।

**पुञ्ज -** ⁄पुन्ज⁄ (तत्स.) ना. १. कुनै वस्तुको थुप्रो, रास । २. प्रकाश, शक्ति, धुवाँ आदिको मुस्लो तथा समुच्चय (उदा. तेजपुञ्ज) । वा. बगैँचामा फूलको पुञ्ज देखेर छक्क परे ।

**पुरातात्त्विक -** ⁄पुरातात्विक्⁄ (तत्स.) [पुरातत्त्व+इक] वि. पुरातत्त्वसँग सम्बन्धित, पुरातत्त्वको, प्राचीन मानवसँग सम्बन्धित (उदा.पुरातात्त्विक वस्तु, पुरातात्त्विक सङ्ग्रहालय) ।

**पुरान** - ⁄पुरान्⁄ [<पुराण] ना. हे. पुराण ।

**प्रजा -** (तत्स.) [<प्र+जन+आ] ना. १. जनता, जनताको समूह । वा. प्रजा मोटो भयो भने मात्र दरबार बलियो हुन्छ ।

**प्रतिबिम्ब -** ⁄प्रतिबिम्ब⁄ (तत्स.) [प्रति+बिम्ब] ना. टल्कने वस्तु (धातु, सिसा, पानी आदि) मा पर्ने कुनै वस्तुको छाया, बिम्ब, प्रतिच्छाया । वा. फेवातालमा माछापुछ्रे हिमालको प्रतिबिम्ब देखिन्छ ।

**प्रस्तर -** ⁄प्रस्तर्⁄(तत्स.) [प्र+स्तर+स्तृ] ना. पत्थर ढुङ्गो, पाषाण, शिला (उदा. प्रस्तरमूर्ति) । वि. २. कठोर, कडा ।

**प्राण -** ⁄प्राण्⁄ (तत्स.) ना. १. जीवनको शक्ति, जीवन, ज्यान (उदा. प्राणवान् शरीर) । २. सास, श्वास (उदा. प्राणवायु) । ३. हावा, वायु । ४. आत्मा, हंस । ५. मुख्य तत्त्व । ६. शक्ति, तागत । वा. एक गिलास पानी खाएपछि बल्ल प्राण आयो ।

**प्रादुर्भूत -** ⁄प्रादुर्भुत्⁄ (तत्स.) [<प्रादुस्+भूत] वि. प्रादुर्भाव भएको, अविर्भूत, प्रकट भएको, उत्पन्न ।

**प्रापक** - ⁄प्रापक्⁄ (तत्स.) [प्र+आप्+अक] ना. १. कसैले पठाएको तथा दिएको वस्तु पाउने व्यक्ति, विप. प्रेषक । चिठीको खाममा प्रापकको नाम र ठेगाना प्रष्टसित लेख्नुपर्छ । वि. २. प्राप्त गर्ने, लाभक, लाभान्वित ।

**प्रायः** - /प्राय/ (तत्स.) क्रियो. धेरैजसो, धेरैमात्रामा, अधिकांश रूपमा, अक्सर । वा. कक्षामा प्रायः सबै विद्यार्थी मिहिनेती छन् ।

**प्रार्थना** - (तत्स.) [(प्र+अर्थ+अन)+आ] ना.१.ईश्वरको भजन तथा स्तुति, ईश्वरको वन्दना । उदा. गणेशको प्रार्थना, सरस्वतीको प्रार्थना । २. मान्यजनसँग गरिने अनुनय, बिन्तीभाउ, नम्रनिवेदन । वा. धेरै बेरको प्रार्थनापछि उहाँ मसँग काम गर्न तयार हुनुभयो ।

**प्रिन्ट** - /प्रिन्ट्/ (आ.) ना. १. छाप्ने काम, छपाइ, मुद्रण । २. छापिएको वस्तु छाया । वा. मेरो शोधपत्र प्रिन्ट हुन बाँकी नै छ ।

**प्रोजेक्टर** - /प्रोजेक्टर्/ (आ.) ना. रिलमा प्रकाश पारेर पर्दामा चित्र देखाइने यन्त्र, प्रकाश, फैलाउने यन्त्र ।

## फ

**फकाउनु** - [फकाउ+(नु)] सक्रि. १. कसैलाई विभिन्न उपायले मनाउनु । वा. उसले रिसाएको साथीलाई फकायो । २. सम्झाईबुझाइ शान्त पार्नु । सान्त्वना दिनु । ३. कुनै कुराको लोभ देखाई आफ्नो वशमा पार्नु ।

**फक्कड** - /फक्कड/ [<फकिर] ना. फकिर, जोगी, सन्यासी, फुक्कड । २. फकडा गाउने व्यक्ति । ३. निर्धन, गरिब, तन्नम । वा. आजको यात्रामा फक्कडको फेला परियो, केही खान पाइएन ।

**फटाफट** - /फटाफट्/ (अमू.) हि. [फट+आ+फट] क्रियो. १. कतै नरोकिइकन हिँड्दाको किसिम, फड्का मारेर हिँड्दाको किसिम । वा. ऊ फटाफट घरतिर लाग्यो । २. छिटोछिटो, धमाधम । वा. काम फटाफट भयो ।

**फटाहा** - [फाटो+आहा] ना. (स्त्री. फटाही) मानिसहरूका बीचमा फाटो ल्याउने काममा लाग्ने व्यक्ति, अरूलाई झुक्याउने, छल्ने तथा फसाउने व्यक्ति । वा. त्यस फटाहाले मलाई दुःख दिएको छ ।

**फतुर** - /फतुर्/(आ.) ना. कसैलाई विनाकारण लगाइने दोष वा आरोप, झुटो आरोप । वा. तिमीलाई चोरको फतुर लगाइयो ।

**फराकिलो** - [फराक+इलो] ना. (बहु./ति. फराकिला) फैलेको, फिँजिएको, चौडाइ धेरै भएको, विस्तृत (उदा. फराकिलो कोठा) वा. कविताको घर फराकिलो ठाउँमा छ ।

**फल** - /फल्/(तत्स.) ना. रूख, बोट, लहरा आदिमा लाग्ने दाना वा गेडा, वनस्पतिबाट प्राप्त हुने गुदी वा वीजसहितको वस्तु । वा. पहाडी क्षेत्रमा सुन्तला, आँप, केरा आदि फलको खेती गरिन्छ । २. कुनै कार्य, घटना, गतिविधि आदिको परिणाम । (उदा. परीक्षाफल) ।

**फसाद** - /फसाद्/ (आ.) [<फस्+आत्] ना. फसेको स्थिति, अप्ठेरो वा असजिलो अवस्था, झमेला, सङ्कट, आपत् । वा. पैसा नभएर उसलाई फसाद पर्‍यो ।

## ब

**बकम्फुस -** /बकम्फुस/ [<बक+फुस] वि. व्यर्थको, निरर्थक, बेकम्मा (उदा. बकम्फुस कुरा) वा. कलाको बकम्फुसे कुरा गर्ने बानी छ ।

**बखान -** /बखान्/ [<व्याख्यान्] ना. १. महत्त्वको वर्णन, वयान । २. तारिफ, प्रशंसा । वा. हरि साथीको बखान गरेर थाक्दैन ।

**बगल -** /बगल्/ (आ.) ना. १. दयाँ वा बायाँतिरको ठाउँ, पार्श्व, आसपास, छेउछाउ । वा. उसको घरको बगलमा मेरो जग्गा छ । २.काखी, कोखो । उसले बगलमा खुकुरी भिरेको छ ।

**बगैँचा** - [<बाग+ऐचा] ना. फलफूल प्रशस्त भएको जग्गा, फूलबारी वा उद्यान (उदा. आँपको बगैँचा) वा. कलाको बगैँचामा सुन्तला फलिरहेको छ ।

**बचावट -** /बचावट्/ [<बचाउ+आवट] ना. बचाउने काम, बचाउ, जगेडा, बचत (उदा. खाद्यान्नको बचावट) । २. सुरक्षा, संरक्षण, संभार (उदा. सङ्कटबाट बचावट) वा. हामीले रूखविरुवाको बचावट गर्नुपर्छ ।

**बटुवा -** [<बाटो+उवा] ना. बाटो हिँड्ने मान्छे, यात्री, पथिक, यात्रु । वा. बटुवाले चौतारीमा थकाइ मार्‍यो ।

**बडामहाराजधिराज -** [बडामहाराज+अधिराज] ना. राष्ट्रनिर्माता पृथ्वीनारायण शाहका लागि सम्मानपूर्वक भनिने शब्द । वा. राष्ट्रनिर्माता बडामहाराजधिराज पृथ्वीनारायण शाहलाई राष्ट्रिय पिता नामले चिनिन्छ ।

**बदनियत -** /बद्नियत्/ (आ.) [बद+नियत] वि. १. खराब नियत भएको, दुष्ट मनसायको, कुविचारको, धोकेवाज (उदा. बदनियत दृष्टि) । २. खराब मनसाय, कपटी चाल । वा. उसले मेरो काममा बदनियत राख्यो ।

**बदमास -** /बद्मास्/ (आ.) [बद+मास] ना. १. खराब काम गर्ने व्यक्ति, फटाहा । वा. बदमासहरूले उसलाई बाटामा कुटेछन् । वि. २. दुष्ट, दुश्चरित्र (उदा. बदमास केटो) ।

**बफादार -** /बफादार्/ (आ.) [बफा+दार] वि. १. कसैको सिद्धान्त, आज्ञा आदि पालन गर्ने, कसैप्रति कर्तव्य निष्ठा, कसैको भक्त (उदा. हाकिमप्रति बफादार) । २. आस्थावान्, निष्ठावान् वा. प्रहरी

**बलि** - (तत्स.) ना. १. देवतालाई भोगका लागि चढाइने पशुपन्क्षी आदि । वा. गढिमाइ मन्दिरमा सबैभन्दा बढी बलि दिइन्छ । २. देवतालाई चढाइने अन्न, नैवेद्य आदि । ३. भूतप्रेत आदिलाई मन्सिनका लागि छुट्याइएको अन्न आदि (उदा. बलि मन्सनु) ।

**बलिदान** - (तत्स.) [बलि+दान] ना. देश वा जनताको कल्याणका लागि गरिने महान् त्याग, उत्सर्ग । वा. सहिदहरूले देशका लागि बलिदान गरेका छन् ।

**बहुमुखी** - /बहुमुखि/ (तत्स.) [बहु+मुख+ई] वि. १. धेरै उद्देश्य तथा प्रयोजन भएको, बहुउद्देश्यीय (उदा. बहुमुखी क्याम्पस, बहुमुखी आयोजना) । २. धेरै विशेषता तथा क्षमता भएको (उदा. बहुमुखी प्रतिभा) । वा. बालकृष्ण सम बहुमुखी प्रतिभाका धनि हुन् ।

**बाधक -** /बाधक्/ (तत्स.) [बाल+क] ना. सानो बच्चो, शिशु । वा. आमाले बालकलाई दूध चुसाइन । २. मानिसको पुरुष शिशु ।

**बाल्यावस्था -** (तत्स.) [बाल्य+अवस्था] ना. १४ वर्ष भन्दा मुनिको उमेर, बालिग नभएको अवस्था, केटाकेटी बेला । वा. उनको बाल्यावस्था हाँस्दै खेल्दै बित्यो ।

**बिदा -** (आ.) ना. १. संघसंस्था वा कार्यालय बन्द हुने दिन । वा. शनिबार विद्यालय बन्द हुन्छ । २. कुनै कामबाट पाइने वा लिइने छुट्टी, अवकास ।

**बीभत्स -** /बिभत्स/ (तत्स.) द्वि [<बध्+स] वि. घिनलाग्दो, दुर्गन्धमय, सडेर गलेर छ्यालब्याल भएको (उदा. बीभत्स दृश्य) ना. २. साहित्यका नवरसमध्ये घृणा स्थायीभाव हुने एक रस । वा. सफलले बीभत्स दृश्य देखायो ।

## भ

**भन्सार** - /भन्सार्/ ना. १. सामानहरू देशबाहिर निर्यात गर्दा वा विदेशबाट आयात गर्दा जाँचबुझ गर्ने र शुल्क लिने सरकारी अड्डा । वा. भन्सार जँचाएर सामान ल्याइयो । २. भन्सार अड्डामा बुझाउनु पर्ने शुल्क वा दस्तुर । वा. उसले भन्सार तिरेर सामान छुटायो ।

**भरणपोषण** - (तत्स.) [<भर्+पोषण] ना. भर्ने तथा पोस्ने काम, कसैको जीवन निर्वाहको प्रबन्ध, लालनपालन । वा. केटाकेटीको भरणपोषणमा नै उनको दिन बित्छ ।

**भरिभराउ** - द्वि. [<भर्+आउ] वि. सबैतिर भरिएको, परिपूर्ण, टनाटन । वा. खेतमा पानी भरिभराउ छ ।

**भविष्य** - /भविस्स्य/ (तत्स.) [<भू+इ+स्य] ना. १. वर्तमानभन्दा पछिको समय, भविष्य काल । २. पछि हुने भावी वा. कसको भविष्य कसले जान्न सक्छ र ?

**भावविभोर** - (तत्स.) [भाव+विभोर] वि. भावनाले विह्वल, भावनामा डुबेको, शोकग्रस्त वा. 'गौरी काव्य' पढ्दा म भावविभोर भएँ ।

**भिक्षार्थी** - /भिक्छ्यार्थि, भिछ्यार्थि/ (तत्स.) [<भिक्षा+अर्थी] ना. भिक्षा माग्ने व्यक्ति, भिखारी, भिक्षु । वा. पशुपतिमा भिक्षार्थीहरूको घुइचो लाग्ने गर्दछ ।

**भूभाग** - (तत्स.) [भू+भाग] ना.१. पृथ्वीको कुनै क्षेत्र । २. जमिनको खण्ड, भूखण्ड । वा. नेपालको दक्षिणी भूभाग समथर छ ।

**भौतिकवाद** - (तत्स.) [भौतिक+वाद] ना. भौतिक वस्तु वा दृश्य जगत्लाई महत्त्व दिने वा उपयोगिताका भौतिक वस्तु, सुखसुविधा विप. अध्यात्मवाद ।

## म

**मण्डन** - /मण्डन्/ (तत्स.) [मण्ड+अन] ना. १. तर्क वा प्रमाणद्वारा कुनै कुरालाई अझ दरिलो पार्ने काम, पुष्टि, पुस्ट्याई, समर्थन । विप. खण्डन । वा. वादविवादमा विपक्षको खण्डन र आफ्नो पक्षको मण्डन गर्नुपर्छ । २. सिँगार्ने काम, सजावट, श्रृङ्गार ।

**मत** - /मत्/ (तत्स.) [<मन्+त] ना. १. कुनै विषय वा समस्याप्रति प्रकट गरिएको विचार, राय, सम्मति । वा. मैले त्यस विषयमा मत जाहेर गरेँ । २. भित्रि अभिप्राय, आफ्नो दृष्टिकोण । ३. चुनावमा आफूलाई मन परेको उमेदवारलाई छान्ने काम वा छनोट ।

**मनन्** - /मनन्/ (तत्स.) [<मन्+अन] ना. १. कुनै विषयमा गम्भीरता साथ सोच्ने काम, गहन सोचाइ चिन्तन । वा. श्रवण र पठनले मात्र कुनै विषय बुझिँदैन, मनन पनि गर्नुपर्छ । २. खास विषयमा एकाग्र भएर सोच्ने काम, ध्यान ।

**मनलागी** - /मन्लागि/ [मन्+आग्+ई] ना. जे मन लाग्छ त्यही, मनपरी, जथाभावी, मनोमानी । वा. प्रदिप भनेको नमानी मनलागी काम गर्न थाल्यो ।

**मनोदशा** - (तत्स.) [<मनन्+दशा] ना. मनको अवस्था, मनस्थिति । वा. बिरामीको मनोदशा अहिले ठीक छैन ।

**मन्त्रोच्चारण** - [मन्त्र+उच्चारण] ना. मन्त्र जप्ने काम, मन्त्रको उच्चारण । मन्त्रोच्चारणका साथ पूजा गरियो ।

**महान्** - (तत्स.) [<महत्] वि.१. ठूलो, विशाल, व्यापक, विस्तृत (उदा. महान् पर्वत, महान् शिखर) २. उच्च, विशिष्ट, महत्त्वपूर्ण (उदा. महान् कार्य) वा. गीता तिम्रो महान् कार्यका लागि धन्य छ ।

**महोत्सव** - /महोत्सब्/ (तत्स.) [महा+उत्सव] ना. ठूलो उत्सव वा पर्व विशेष किसिमको हर्षबढाइ वा सजावट भएको समारोह (उदा. वृक्षरोपण महोत्सव) ।

**मातहत** - /मातहत्/ (आ.) ना. १. कसैको अधिन, नियन्त्रण, खटन वा जिम्मा अन्तर्गत ( उदा. मन्त्रालयको मातहतमा रहेको अड्डा) । २. हाता, इलाका, क्षेत्र (उदा. विद्यालयको मातहतको जग्गा) वा. मेरो मातहतको जग्गा तिमीलाई दिनेछु ।

**माथ** - /माथ्/ (आ.) [<मात] ना. कसैलाई हराउने काम, जित, विजय । वा. खेलमा 'क' समूहले 'ख' समूहलाई माथ गर्यो ।

**मुगलान** - /मुगलान्/ (आ.) [मुगल+आन] ना. १. मुगलहरूले शासन गर्दाको समयको भारतलाई बुझाउने शब्द । २. भारत वा अन्य देश, विदेश । वा. उसको छोरो मुगलान पस्यो ।

**मुग्ध** - (तत्स.) [<मुह+त] वि. १. मोहमा परेको, लट्ठ परेको, मोहित, लट्ठ, मग्न । वा. सङ्गितमा ऊ मुग्ध भयो । २. वशमा परेको, वाल्ल, ट्वाल्ल (उदा. मन्त्रमुग्ध) ।

**मुद्रा** - /मुद्द्रा/ (तत्स.) [मुद्र+आ] ना. किनवेच वा आर्थिक कारोबारलाई सुगम बनाउन सरकारद्वारा प्रचलनमा ल्याएको धातु वा कागजको पैसा, सिक्का (उदा. स्वदेशी मुद्रा, विदेशी मुद्रा) वा. नेपालमा कागजी मुद्रा भन्दा सिक्का मुद्राको चलनचल्ती कम छ ।

**मुद्रित** - /मुद्द्रित/ (तत्स.) [<मुद्रा+इत] वि. १. मुद्रण भएको, छापिएको (उदा. मुद्रित पुस्तक, मुद्रित सामग्री) ।

**मुलुक** - /मुलुक्/ (आ.) ना. १. देश, राष्ट्र (उदा. मुलुकको हित, मुलुकको समस्या) वा. उसले मुलुक डुलेको छ ।

**मेलापात** - /मेलापात्/ द्वि. [<मेलो] ना. खेतबारी धेरै जना मिलेर गरिने काम, मेलो, मेला । वा. मेलापातमा ऊ गीत गाउँदै काम गर्छ ।

**मैत्रीपूर्ण** - (तत्स.) [मैत्री+पूर्ण] वि. मित्रताले भरिएको, आत्मीयता, घनिष्ठता । उनीहरूका बीच मैत्री बढेको छ । २. मित्रतासम्बन्धी (उदा. मैत्री सम्बन्ध, मैत्री संघ) ।

**मोहनी** - /मोहनि/ [मोहन+ई] ना. १. अर्कालाई लट्ठ्याउने काम, मोहमा पारी वशमा लिने काम । उनको मीठो बोलीले मलाई मोहनी लगायो ।

**मौका** - (आ.) ना. १. अनुकूल समय, उचित वेला, अवसर । उसले मौका मिलाएर काम सिद्ध गऱ्यो । २. संजोग, संयोग वा. आज उसँग भेट्ने मौका मिलेन ।

**य**

**यज्ञ** - /यग्ग्यँ/ (तत्स.) [<यज्+न] ना. १. विधिपूर्वक गरिने हवन, जप, पाठ, पूजा आदि धार्मिक कार्य । युधिष्ठिरले अश्वमेध यज्ञ गरेका थिए । २. धर्म वा लोककल्याणका लागि गरिने शुभ कार्य ।

**यज्ञमण्डप** - (तत्स.) [यज्ञ+मण्डप] ना. यज्ञ गर्नका लागि ध्वजापताका आदिले सजाइएको मञ्च, यज्ञ गर्ने मण्डप, यज्ञशाला ।

**यथा** - (तत्स.) पस. जस्तो, जसरी, जति, जहाँ आदि अर्थ जनाउने शब्दका अगाडि आउने शब्दांश (उदा. यथाक्रम, यथासम्भव) ।

**यन्त्र** - (तत्स.) ना.१. इन्धनबाट शक्ति पैदा भएर चल्ने सामान, मेसिन, इन्जिन, कल (उदा. विद्युत्यन्त्र, यन्त्रकल) । २. कलपुर्जा । ३. औजार, उपकरण । ४. खास किसिमको संरचना ।

**यात्री** - /यात्रि/ (तत्स.) [यात्रा+ई] ना. १. यात्रा गर्ने व्यक्ति, यात्रु, बटुवा, पथिक । वा. यात्रीहरू विश्रामकक्षमा बसेका छन् । २. परदेशी ।

**युगपुरुष** - (तत्स.) [युग+पुरुष] ना. एउटा सिङ्गो युग वा लामो समयावधिमा समाजलाई प्रभावित पार्ने महान व्यक्तित्व । वा. उनी नेपालको प्रजातान्त्रिक आन्दोलनका युगपुरुष मानिन्छन् ।

**युगान्त** - (तत्स.) [युग+अन्त] ना. १. एक युगको अन्त्य, युगको समाप्ति । क्रियो. २. ज्यादै लामो अवधि, युगौँ । ना. उसँग भेट नभएको युगान्त भएछ ।

**युवक -** /युवक्/ (तत्स.) [<युवन+क] ना. किशोर अवस्था पार गरेको प्रौढ अवस्था नपुगेको पुरुष । सामान्यत सोह्र वर्षमाथिको उमेरको, बैंस चढेको, लोग्नेमान्छे, तन्नेरी । वा. देशविकासमा युवकको आवश्यकता पर्छ ।

## र

**रचिनु** - [रच्+इ+(नु)] सक्रि. १. रच्ने काम गरिनु, निर्माण गरिनु । वा. गफ गर्दागर्दै एउटा कविता रचियो । २. बुनिनु । वा. जाल रचियो ।

**रन्काइ** - [रन्क+आइ] ना. १. तातेर वा बजेर रन्कने काम (उदा. भाँडाको रन्काइ, बाजाको रन्काइ) । २. रिसाउने काम, रिसको झोक, रिस (उदा. हाकिमको रन्काइ) । ३. घण्टा, बाजा आदिको ठूलो आवाजपछि सुनिने सानो आवाज । वा. रामको रन्काइ साह्रै नराम्रो छ ।

**राक्षस** - /राक्छ्यस्, राछ्यस्/ (तत्स.) [राक्षस+ई] ना. १. राक्षसकी स्वास्नी, स्त्री राक्षस । २. दुष्ट स्त्री । ३. राक्षस जस्तो, राक्षससम्बन्धी, निष्ठुर, दुष्ट (उदा. राक्षसी स्वभाव, राक्षसी चरित्र) ।

**राग -** /राग्/ (तत्स.) [<रञ्ज] ना. १. कुनै वस्तु व्यक्ति आदि प्रतिको आकर्षण, झुकाव, अनुराग, माया । विप. विराग । वा. उसको त्यस परिवारप्रति विशेष राग छ । २. आसक्ति, मोह, रसरङ (उदा. रतिराग) । ३. लोभ, लालच । वा. लागू पदार्थप्रति बढी राग राख्नुहुन्न ।

**राजमहिषी** - (तत्स.) [राज+महिषी] ना. राजाकी विवाहित पत्नी, पटरानी, महारानी, बडामहारानी ।

**राजस्व -** /राजस्स्व/ (तत्स.) [<राज्य+स्व] ना. जनताबाट वा औद्योगिक तथा व्यवसायिक गतिविधिबाट सरकारलाई प्राप्त हुने रकम, भन्सार, मालपोत कर आदिबाट राज्यलाई प्राप्त हुने सम्पत्ति । वा. यसवर्ष राजस्व असुलीमा वृद्धि भएको छ ।

**रिपु -** (तत्स.) वि. सिपालु, दक्ष, कुशल (उदा. काम गर्न रिपु) । वा. हरि पढ्नमा रिपु छ ।

**रुढिवादी -** (तत्स.) [रुढिवाद+ई] वि. रुढिवादमा विश्वास गर्ने, रुढिबूढी मान्ने (उदा. रुढिवादी समाज) ।

**रूप -** /रुप्/ (तत्स.) ना. १. कुनै वस्तु, व्यक्ति आदिको स्वरूप, आकार, आकृति । वा. उसको घरको रूप कस्तो छ ? २. अनुहार, चेहरा, (उदा. मान्छेको रूपरङ) । ३. पहिरन, भेषभूसा, बाह्य सौन्दर्य (उदा. भव्य रूप) ।

**रोकावट -** /रोकावट्/[रोक्+आवट] ना. १. रोक्ने काम, रोक्का । २. बाधा, अवरोध, छेकथुन । वा. मबाट तिम्रो काममा रोकावट हुने छैन ।

**रोचक** - /रोचक्/ (तत्स.) [<रुच्+अक] वि. १. रुचि हुने, चाख लाग्ने, आकर्षक (उदा. रोचक कथा, रोचक घटना) । २. मन पर्ने, मनोरञ्जन, मोहक (उदा. रोचक नाच, रोचक भनाइ) ।

**रोजगारी** - /रोज्गारि/[रोजगार+ई] ना. १. इलम, जीविका वा व्यवसाय । वा. उसलाई बल्लतल्ल कारखानामा रोजगारी मिल्यो ।

## ल

**लकपकाइ -** /लक्पकाइ/ [लकपकाउ+आइ] ना. १. लकपकाउने काम, लकपक (उदा. बोलीको लकपकाइ) । २. बोल्दा हुने हिचकिचाहट ।

**लखेट्नु -** [लखेट+(नु)] सक्रि. १. कसैलाई कुट्ने वा मार्ने उद्देश्यले पछ्याउनु, खेदो गर्नु, वा. बाघले मृगलाई लखेट्यो । २. धपाउनु, खेद्नु । वा. उसले मकैबारीबाट गाईलाई लखेट्यो ।

**लीन -** /लिन्/ (तत्स.) [लि+न<त] वि. १. लुकेको, डुबेको, छिपेको । २. एकाग्र, तन्मय, तल्लीन । वा. ऊ पढाइमा लीन छ । ३. पग्लेको, बिलाएको, घुलेको, विलीन ।

**लुब्ध -** (तत्स.) [लुप्त+प्राय] वि. लोभिएको, लोभी, लब्धी, लालची (उदा. लुब्ध मान्छे, लुब्ध स्याल) । २. कुनै वस्तु वा विषयप्रति बढ्ता इच्छा राख्ने, आसक्त, लम्पट । वा. यो केटो मिठाईमा साह्रै लुब्ध छ ।

**लेक -** /लेक्/ ना. पहाडको माथिल्लो भाग, हिमालमुनीको ओसिलो ठन्डी प्रदेश, हिमाली भेक । विप. बेँसी । वा. लेकमा धेरै जाडो हुन्छ ।

## व

**वचन** - /बचन्/ (तत्स.) [वच्+अन] ना. १. मुखबाट निस्कने बोली, कसैको भनाइ, कथन, वाणी । ऊ मसँग एकवचन पनि बोलेन । २. भनिएको कुरो, कबुल, प्रतिज्ञा । वा. मैले उसको घरमा आउने वचन दिएँ । ३. कसैलाई गरिने हप्कीदप्की, अप्रिय बोली, गाली ।

**वायुयान** - (तत्स.) [वायु+यान] ना. वायुमार्गमा उड्ने विमान, हवाइजहाज आदि ।

**वार्षिकोत्सव** - (तत्स.) [वार्षिक+उत्सव] ना. प्रत्येक वर्षको अन्त्यमा वा एकवर्ष पुग्दा मनाइने उत्सव (उदा.विद्यालयको वार्षिक उत्सव) ।

**वाल्मीकि** - /वाल्मिकि/ (तत्स.) [<वाल्मीक+इ] ना. संस्कृतमा रामायणको वाचन गर्ने एक ऋषि, संस्कृतका आदिकवि ।

**विचरण-** /विचरण्/ (तत्स.) [<वि+चर+अन] ना. यताउति डुब्ने तथा घुम्ने काम, हिँडडुल, घुमफिर, भ्रमण । वा. एकछिन बगैँचाको वरिपरि विचरण गरियो ।

**विचारणीय** - /विचारणिय/ (तत्स.) [<वि+चर+अनीय] वि. १. विचार गर्नुपर्ने, सोच्नुपर्ने, विचार गर्न लायक, चिन्तनीय, मननीय (उदा. विचरणीय, विषय, विचारणीय कुरो, विचारणीय प्रश्न) । २. सोच्न बाध्य पार्ने, गम्भीर ।

**विज्ञान** - /बिग्याँन्/(तत्स.) [वि+ज्ञान] ना. १. कुनै विषयको अवलोकन र परीक्षणबाट प्राप्त हुने ज्ञान, प्रकृतिमा रहेका विभिन्न वस्तु र विषयको प्रयोगका आधारमा प्रतिपादन गरिएको सिद्धान्त वा त्यस्तो शास्त्र (उदा. भौतिक विज्ञान, जीवविज्ञान, वनस्पति विज्ञान) । २. वैज्ञानिक आधारमा गरिएको जुनसुकै अध्ययन (उदा. समाज विज्ञान, मनोविज्ञान) ।

**विज्ञापन** - /बिग्ग्यापन/ (तत्स.) [वि+ज्ञप्+अन] ना. १. उद्योग व्यापार आदिसँग सम्बन्धित संस्थाले आफ्ना उत्पादनहरूलाई सर्वसाधारणका लागि जानकारी दिन गरिने प्रचारप्रसार (उदा. साबुनको विज्ञापन) । २. भर्ना, पदपूर्ति आदिका लागि संघसंस्थाहरूले सम्बन्धित व्यक्तिहरूलाई पोस्टर, सञ्चार माध्यम आदिबाट दिइने सूचना ।

**विदेश** - /विदेश/ (तत्स.) [वि+देश] ना. १. आफ्नो मुलुकभन्दा भिन्न मुलुक, अर्काको देश, विरानो देश, पराईको देश । वा. ऊ धन कमाउन विदेश गयो ।

**विद्या** - /बिद्‍द्या/ (तत्स.) [विद्+य+आ] ना. १. पढेर प्राप्त हुने ज्ञान, अध्ययनबाट प्राप्त सुझबुझ, शिक्षा । २. विभिन्न विषयको गहन अध्ययन भएको ग्रन्थ, शास्त्र (उदा. शास्त्रविद्या) । ३. कुनै विषयको ज्ञान, सीप वा दक्षता (उदा. डाक्टरी विद्या, तन्त्रविद्या, धामीविद्या, चोरविद्या)

**विपन्न** - /विपन्न/ (तत्स.) [<विपत्+न] वि.१. विपत्मा परेको, सङ्कटमा फसेको । २. गरिब, निर्धन, पछौटे विप. सम्पन्न । (उदा. विपन्न वर्ग, विपन्न व्यक्ति) वा. राम विपन्न वर्गको केटो हो ।

**विभूति** - /बिभुति/ (तत्स.) [वि+भूति] ना.१. हे. बिगुत । २. धन, दौलत, ऐश्वर्य । ३. राष्ट्रलाई महान् योगदान दिने व्यक्तित्व, त्यस्तो महापुरुष (उदा. राष्ट्रिय विभूति) ।

**विरोध** - /बिरोध्/ (तत्स.) [वि+रोध] ना. १. कसैको भनाइ तथा कार्यप्रति असहमति प्रकट गर्ने काम, असहमति, प्रतिकूल दृष्टिकोण । विप. समर्थन । (उदा. विरोध कार्यक्रम, विरोध जुलुस) । वा. उसको विचारको विरोध भयो । २. मतभेद, फुट, वैरभाव । ३. अवरोध, बाधा, अड्चन । ४. विपरित वा अमिल्दो ।

**विशेषण** - /बिसेसण्/ [<वि+शिष्+अन] ना. नाम, सर्वनाम आदिको वर्णन गर्ने वा विशेषता बुझाउने शब्द (व्या). । (उदा. मोटो मान्छे, अग्लो रूख) ।

**विश्व** - /विस्स्व/(तत्स.) ना. पृथ्वीको सम्पूर्ण भाग, संसार, जगत् । उदा. विश्वको भूभाग, विश्वको मानचित्र) ।

**विश्वसनीय** - /विस्स्वसनिय/(तत्स.) [वि+श्वस्+अनीय] वि. विश्वास गर्नुपर्ने, विश्वासयोग्य, पत्यारिलो, भरपर्दो, विप. अविश्वसनीय । (उदा. विश्वसनीय) वा. उसले भनेको कुरो विश्वसनीय छैन ।

**विसङ्गत** - /विसङ्गत/ (तत्स.) [वि+सङ्गत] वि. नमिल्ने, अमिल्दो, असङ्गत (उदा. विसङ्गत व्यवहार, विसङ्गत विचार) ।

**वीर** - /विर्/ (तत्स.) ना. साहसी व्यक्ति, उत्साही तथा आँटिलो मान्छे, बहादुर । वा. युद्धभूमि वीरहरूको क्रिडास्थल हो । २. प्रगतिवादी व्यक्ति, योद्धा, अभिनेता) ।

**वीरता** - /विरता/ (तत्स.) [वीर+ता] ना. १. वीरमा हुने गण वा विशेषता, साहस, बहादुरी । वा. युद्धमा योद्धाको वीरता देखेर सबै चकित भए । २. पराक्रम, पुरुषार्थ ।

**वैदिक** - /बैदिक्/ (तत्स.) [<वेद+इक] वि. १. वेदसँग सम्बन्धित, वेदमा उल्लेख भएको, वेदको (उदा. वैदिक संस्कृत, वैदिक धर्म, वैदिक काल, वैदिक सभ्यता) । २. वेद पढेको, वेदमा आधारित ।

**वैरी** - /बैरी/ (तत्स.) [वैर+ई] ना. १. अरूसँग शत्रुता राख्ने व्यक्ति, शत्रु, दुस्मन । वा. अचेल ऊ तिम्रो वैरी बनेको छ । २. वैरभाव राख्ने व्यक्ति, विरोधी, प्रतिपक्षी ।

**व्यवहार्य** - /ब्यबहार्य/ (तत्स.) [<व्यवहार+य] वि. १. व्यवहारमा ल्याउनुपर्ने, व्यवहार वा प्रयोगका लागि उपयोगी (उदा. व्यवहार्य विषय) । २. व्यवहारका लागि योग्य (उदा. व्यवहार्य व्यक्ति) ।

**व्यापक** - /ब्यापक्/ (तत्स.) वि. १. सबैतिर ढाकेर रहेको, फिँजिएको, फैलिएको (उदा. व्यापक क्षति) । २. फराकिलो, विस्तृत, उदार (उदा. व्यापक सोचाइ) ।

## श

**शक्तिशाली** - (तत्स.) [शक्ति+शाली] वि. १. प्रशस्त शक्ति भएको, सामर्थ्य भएको, बलियो (उदा. शक्तिशाली व्यक्ति, शक्तिशाली राष्ट्र) । २. प्रभावकारी, प्रभावशाली ।

**शत्रु** - /सत्रु/ (तत्स.) ना. १. कसैको अहित गर्ने व्यक्ति, कसैलाई घृणा गर्ने व्यक्ति, दुस्मन, वैरी, रिपु । विप. मित्र । वा. उनले युद्धमा शत्रुको डटेर सामना गरे ।

**शब्दकोश** - (तत्स.) [शब्द+कोश] ना. १. भाषाका शब्दहरूलाई वर्णानुक्रममा मिलाएर तिनको स्रोत, अर्थ, प्रयोग आदि सूचनालाई व्यवस्थित रूपमा प्रस्तुत गरिएको ग्रन्थ । २. खास विषयसँग सम्बन्धित शब्दहरूलाई वर्णानुक्रममा मिलाइ अर्थ वा परिभाषाबारे प्रकाश पारिएको सन्दर्भग्रन्थ (कोश) ।

**शान्त** - /सान्त/(तत्स.) [<शम्+त] वि. १. शान्ति भएको, सन्नाटा छाएको, सुनसान । विप. अशान्त (उदा. शान्त वातावरण) । २. हल्ला नभएको चुपचाप, मौन, एकाग्र, स्थिर । वा. केटाकेटी कथा सुन्न शान्त भएर बसे ।

**शासन**- /सासन्/ (तत्स.) [शास्+अन] ना. १. सरकारले जनतामाथि गर्ने नियन्त्रण वा नियमन, ऐन कानुन अनुसार देशमा अमनचैन कायम राख्ने काम । २. दैनिक प्रशासन, राज्य सञ्चालन, सत्ता (उदा. देशको शासन) ।

**शिखर** - /सिखर्/ (तत्स.) ना. १ पहाडको सबभन्दा उच्च भाग, चुचुरो, टाकुरो । (उदा. सगरमाथाको शिखर) । २. छानाको धुरी । मन्दिरको गजुर । वि. ३. उच्चतम ।

**शिष्य** - /सिस्स्य/ (तत्स.) [<शास्+य] ना. विद्यार्थी, छात्र । वा. गुरुले शिष्यलाई पाठ पढाए । २. कुनै धार्मिक सम्प्रदायमा गुरुको चेलो अनुयायी ।

## ष

**षड्यन्त्रकारी** - (तत्स.) [षड्यन्त्र+कारी] वि. षड्यन्त्र गर्ने, जालझेल, छलकपट गरी अर्कालाई दुःख दिने (उदा. षड्यन्त्रकारी समूह, षड्यन्त्रकारी व्यक्ति) ।

## स

**संयोजक** - /सम्योजक्/ (तत्स.) [सम्+योजक] वि. १. दुई वा दुईभन्दा बढी वस्तुलाई एक ठाउँमा जोड्ने वा मिलाउने (उदा. घटनाको संयोजक तत्त्व) । २. सभा, गोष्ठी, कार्यक्रम आदिको संयोजन गर्ने, तालमेल मिलाउने, तयारी गर्ने, समन्वय गर्ने, प्रबन्धक, आयोजक आदि । उनले गोष्ठीमा संयोजकको भूमिका निर्वाह गरे ।

**संरक्षण** - /सम्रक्छ्यण्/ (तत्स.) [सम्+रक्षण] ना. १. कुनै वस्तु, व्यक्ति आदिको रक्षा गर्ने काम, सुरक्षा, हिफाजत, जगेर्ना (उदा. बालबालिकाको संरक्षण, बोटविरुवाको संरक्षण) । २. हानिनोक्सानी हुनबाट बचाउने काम, रेखदेख, हेरचाह ।

**संवाददाता** - (तत्स.) [संवाद+दाता] ना. पत्रपत्रिका, रेडियो आदिका लागि समाचार सङ्कलन गरी पठाउने व्यक्ति, रोपोर्टर (उदा. गोरखापत्रका संवाददाता) ।

**संस्कृति -** /सम्स्क्रिति, संस्क्रिति/ (तत्स.) [<सम+कृति] ना. १. देश वा जातिको कला, साहित्य, सङ्गीत, आचारव्यवहार, बौद्धिकता आदि वा त्यसलाई मौलिक पहिचान दिन सक्ने विशेषता (उदा. नेपाली संस्कृति) । २. संस्कार, परिष्कार ।

**सङ्कल्प** - (तत्स.) [<सम्+कल्प] ना. १. कुनै काम गर्ने अठोट, दृढनिश्चय, प्रतिज्ञा, वाचा । वा. उसले धुम्रपान छोड्ने सङ्कल्प गर्‍यो । २. पूजा, यज्ञ आदिमा यजमानको तर्फबाट पुरोहितले पढ्ने दान, पुण्य, कर्म आदिसँग सम्बन्धित प्रतिज्ञा वाक्य । वा. पुरोहितले पूजाको आरम्भमा सङ्कल्प पढे ।

**सङ्कोच** - /सङ्कोच्/ (तत्स.) [<सम्+कुच्] ना. १. कुनै काम वा गतिविधिबाट हुने लज्जा वा असजिलोपन, धक । वा. उसले हाकिमको अगाडि बोल्न सङ्कोच मान्यो । २. खुम्चिने, चाउरिने वा छोटो हुने काम, संक्षेपण, सङ्कोचन ।

**सङ्ग्रहालय** - (तत्स.) [सङ्ग्रह+आलय] ना. महत्त्वपूर्ण र दुर्लभ वस्तुहरूको सङ्ग्रह गरेर राखिएको ठाउँ वा त्यस्तो भवन, म्युजियम (उदा. प्राचीन कलाकृतिहरूको सङ्ग्रहालय) ।

**सञ्चार -** /सन्चार्/ (तत्स.) [सम्+चार] ना. सूचना, सन्देश, समाचार आदिलाई एक ठाउँबाट अर्को ठाउँ पठाउने काम वा प्रक्रिया । वा. आधुनिक युगमा सञ्चार सम्पर्कको ठूलो महत्त्व छ । २. सूचना, समाचार, सन्देश आदि पठाउने वा प्रसारण गर्ने माध्यम (उदा. रेडियो, हुलाक) ।

**सदाचारी -** /सदाचारि/ (तत्स.) [सदाचार+ई] वि. सदाचारमा रहने, असल आचरण भएको, मर्यादामा बस्ने, नैतिक (उदा. सदाचारी व्यक्ति, सदाचारी व्यवहार) ।

**सद्गुण -** /सद्गुण्/ (तत्स.) [<सत्+गुण] ना. असल गुण । विप. दुर्गुण । २. असल बानी, राम्रो चरित्र । वा. महात्माका सद्गुणले धेरै मानिस आकर्षित भए ।

**सप्तर्षि** - /सप्तर्सि/ (तत्स.) [<सप्त+ऋषि] ना. सात ऋषिहरूको समूह (वशिष्ठ, भारद्वाज) । २. आकाशमा उत्तरतिर देखिने सात ताराको समूह ।

**सभापति** - (तत्स.) [सभा+पति] ना. १. सभा, समारोह, गोष्ठी आदि सञ्चालन गर्ने प्रमुख व्यक्ति, सभाको अध्यक्ष । २. धेरै सदस्यहरू भएको कुनै संघ,  संस्था वा समितिको प्रमुख पदाधिकारी (उदा. संघको सभापति, समितिको सभापति) ।

**सभामुख** - (तत्स.) [सभा+मुख] ना. संसदको तल्लो सदनको प्रमुख प्रतिनिधि सभाको अध्यक्ष ।

**समकालीन** - /सम्कालिन्/ (तत्स.) [सम+कालीन] वि. १. उही समयको, एउटै बेलाको, समान युगको (उदा. समकालीन व्यक्ति, समकालीन समाज) । २. एकैचोटी भएको, तत्काल घटेको ।

**समक्ष** - /समक्छ्य, समछ्य/ (तत्स.) [<सम+अक्ष] नायो. अगाडि सामुन्ने, मुखेन्जी । वा. न्यायधीश समक्ष मुद्दा पेस गरियो ।

**समतुल्य** - (तत्स.) [सम+तुल्य] वि.१. सबैतिर बराबर भएको, एकाम्मे । वा. बाढी आएकाले नदी समतुल्य भएर बगेको छ । २. अग्लो होचो नभएको, समतल, समान (उदा. समतुल्य भूमि) ।

**समसामयिक** - /समसामइक्/(तत्स.) [सम+सामयिक] वि. अहिलेको समयको, भरखरैको, हालसालको, वर्तमान कालको (उदा. समसामयिक परिस्थिति) ।

**समचार** - /समचार्/(तत्स.) [सम+आचार] ना. १. कुनै घटना, गतिविधि आदिसँग सम्बन्धित सम्बन्धित नयाँ कुरो, खबर, सूचना, सन्देश । वा. उसले घरतिरको समचार सुनायो ।

**समापक** - /समापक्/(तत्स.) [सम्+आच+अक] वि. १. समाप्त पार्ने, सिध्याउने, सक्ति टुङ्ग्याउने (उदा. समापक वाक्य) । २. वाक्य, कथन आदिलाई पूरा गर्ने, समापिका । विप. असमापक ।

**स्मरण** - /स्मरण्/(तत्स.) [<स्मृ+अन] ना. १. कुनै कुराको मनमा हुने सम्झना, सम्झाइ, याद । वा. मलाई पोहोरको घटनाको स्मरण भयो । २. स्मृति, समझ । वा. हिजो पढेको कुरो मेरो स्मरणमा छैन ।

**स्वस्तिक** - /स्वस्तिक्/(तत्स.) [स्वस्ति+क] ना. प्राचीन आर्यहरूको मङ्गलसूचक चिह्न ।

**स्वार्थी** - /स्वार्थि/(तत्स.) [स्वार्थ+ई] वि./ना. १. आफ्नो लाभ वा भलाई मात्र देख्ने, अर्कालाई नोक्सान पुऱ्याएर भए पनि आफ्नो हुँदो गर्ने, मत्लवी । विप. निःस्वार्थी (उदा. स्वार्थी मान्छे) । २. छोटो मन भएको, अनुदार, सङ्कीर्ण ।

**ह**

**हतार** - /हातार्/ [हत्त+आर] ना. चाडो गर्दाको स्थिति, हडबड, हतपत । वा. उसले काम हतार गऱ्यो ।

**हरदम** - /हर्दम्/(आ.) [हर+दम] क्रियो. जहिलेसुकै, सधैँ, सर्वदा । वा. ऊ हरदम चिन्ता गर्छ ।

**हरबखत** - (आ.) [हर+बखत] क्रियो. हरेक क्षण, जुनसुकै बेला, सधैँ । वा. ऊ हरबखत मेरो घरमा आइरहन्छ ।

**हरेस** - /हरेस्/ [हर+एस] ना. धेरै प्रयासपछि पनि कुनै काम सफल नहुँदा हुने निरास, हतोत्साह । वा. असफल हुँदैमा हरेस खानु हुँदैन ।

**हर्ष** - /हर्स/ (तत्स.) ना. मनको प्रसन्नता, खुसी, आनन्द । वा. तपाईसँग काम गर्न पाउँदा मलाई हर्ष लागेको छ ।

**हस्तान्तरण** - /हस्तान्तरण्/ (तत्स.) [हस्त+अन्तरण] ना. १. एकसँग भएको वस्तु अर्कालाई दिने काम, अर्काको जिम्मा लगाउने काम । २. आफ्नो हकमा रहेको वस्तु वा आफूले लिएको वस्तु अर्कालाई सुम्पने काम (उदा. सम्पत्तिको हस्तान्तरण, सत्ताको हस्तान्तरण) ।

**होनहार** - /होनहार्/ (आ.) वि. १. भविष्यमा योग्य बन्न सक्ने, असल खालको । उदा. होनहार विद्यार्थी । २. विलक्षण क्षमता भएको, प्रतिभाशाली ।

**ह्रास** - /रास्/ (तत्स.) ना. १. वस्तुको गुण, मात्रा आदि कम हुँदाको अवस्था । न्यूनटा, क्षीणता, कमी । वा. खडेरी परेकाले वालीमा ह्रास आयो । २. विनाश, क्षय ।

# अध्याय - चार

# निष्कर्ष, सुझाव र उपयोगिता

## ४.१ निष्कर्ष

प्रस्तुत शोधकार्यको शीर्षकले नै यसको सीमा निर्धारण गरेको छ । यो कोश कक्षा सातका विद्यार्थीहरूका लागि तयार पारिएको हो । यसप्रकारको कोश निर्माण गर्न सकियो भने विशेषतः विद्यालय तहमा तहगत रूपमा नेपाली भाषाका शब्दहरूको सही उच्चारण गरी शब्दको शुद्ध प्रयोग गर्ने बानीको विकास गर्न सकिन्छ । तसर्थ यस कोशलाई कक्षा सातको शैक्षिक शब्दकोश भनिएको हो ।

यस कोशमा ५०० शब्दको अर्थ, पर्याय र विपर्याय दिइएको छ । तद्भव र झर्रा शब्द बाहेक प्रविष्टि दिएका शब्दहरूको स्रोत पनि खुलाइएको छ । यसमा २६५ तत्सम शब्द, १०५ तद्भव र ३० आगन्तुक रहेका छन् । त्यसका साथै २०० शब्दको निर्माण प्रक्रिया देखाइन्छ । साथै ५० शब्दको  उच्चारण र २५ शब्दको विपर्याय समेत दिइएको छ । यसरी नै जति शब्दको अर्थ दिइएको छ ती प्रत्येक शब्दलाई अनिवार्य रूपमा वाक्यमा प्रयोग पनि गरिएको छ । शब्दकोश निर्माण कार्य आफैँमा एउटा जटिल कार्य हो ।  त्यसमा पनि कक्षा सातका लागि मात्र शैक्षिक शब्दकोश निर्माण गर्नु झन कठिन कार्य सावित भएको छ ।

शब्दकोश निर्माण निरन्तर प्रयासको प्रतिफल हो । निरन्तरता भएन भने शब्दकोश निर्माणमा ढिलोमात्र हुने होइन त्यसले पूर्णता पाउन पनि सम्भव हुँदैन । भाषाका आधिकारिक वक्ता, भाषाविद्हरू तथा कोशविज्ञान र विविध कोशहरूको भूमिका पनि यसको निर्माणका लागि आवश्यक सर्तहरू हुन् । नेपाल बहुजाति, बहुभाषी र भौगोलिक विविधताले सजिएको राष्ट्र हो । यस्ता विविधताले नेपाली भाषाको मानक प्रयोगमा विचलन ल्याउनुका साथै गुप्त रूपमा मानक सरह नै अमानक र वर्णसङ्कर शब्द, वाक्य आदि प्रयोग भई आउन सक्छन् । कोदो मिसिएको तोरीजस्तो अन्य भाषाका शब्द मिसिएर नेपालीको स्तरीय र मानक रूप खुट्याएर शब्द केलाउन कठिन भएको स्थिति छ भने नेपालीकै विविध भाषिका र उपभाषिकाहरूले अझ जटिलता थप्ने अवस्था छँदै छ । यसबाट नेपाली भाषाको मानक शब्दकोश निर्माणमा प्रशस्त चुनौतीहरूको सामना गर्नुपर्ने परिवेश छ ।

अङ्ग्रेजी भाषाको शब्दकोश न्यू अक्सफोर्ड अड्भान्स्ट लर्नर डिक्सनरी सेभेन्थ इडिसनले जस्तो द अक्सफोर्ड तीनहजार शीर्षकमा अत्यन्त प्रचलित दैनिक जीवनमा बारम्बार प्रयोग हुने शब्दहरूको सूची निर्माण गर्न सकिएको छैन । नेपाली शब्दकोश निर्माता कसैको पनि तहगत शब्दकोश निर्माणतर्फ त्यति ध्यान जान सकेको छैन । अनुमानकै भरमा व्यवहारोपयोगी शब्दहरू भन्दै छान्नु र प्रविष्टि दिनु वा सिकाउनुको विकल्प छैन । यस किसिमको अभाव र अनुमानकै भरमा सिकाउने स्थिति पनि विभिन्न तहका लागि उपयुक्त हुने शब्दकोश निर्माणका लागि समस्या हो ।

खास तह वा श्रेणीका लागि तयार गरिने भाषाकोश निर्माताले खास तह वा श्रेणीका उमेर समूहका अधिकतम वक्ताहरूबाट प्रयोग गरिने शब्द र वाक्यहरूको छनोट गर्न सक्नुपर्छ, तर त्यस्ता नेपाली वक्ताहरूबाट नेपाली भाषाभन्दा भाषिका, उपभाषिकाको प्रयोग बढी गर्ने हुनाले यस कार्यमा सामग्री सङ्कलनमा अवरोध पुग्नजान्छ । फेरि नेपाली भाषाको वितरण भएका सबै क्षेत्रमा पुगेर सामग्री सङ्कलन गर्न पनि सजिलो छैन ।

शब्दकोश निर्माणका समस्याहरूमा नेपाली वर्णविन्यासलाई पनि लिन सकिन्छ । एक्काइसौँ शताब्दीमा आइपुग्दा पनि नेपाली वर्णविन्यासले स्थायी स्वरूप निर्धारण गर्न सकेको छैन । एकदम लहडी रूपमा शब्दको स्वरूपमा फेरबदल गर्ने समस्याले भाषालाई अमर्यादित र टुङ्गो नलागेको अवस्थामा पुऱ्याएको छ । यसलाई कसैले जीवन्त भाषा परिवर्तनशील हुन्छ भन्ने तर्क दिएर पन्छिन खोज्छ भने त्यो क्षणिक तर्कका लागि तर्क मात्र साबित हुन सक्छ । एक्काइसौँ शताब्दीसम्म आइपुग्दा पनि नेपाली भाषाको वर्णविन्यासका स्वरूपमा स्थायित्व आउन नसक्नु पीडादायी अवस्था हो । भाषाको वर्णविन्यासमा स्थायित्व हुनु आवश्यक छ । नेपाली भाषाका कतिपय समोच्चारित र समलिप्यात्मक शब्दहरूले लेख्य रूपमा अर्थ प्रष्ट पार्न सक्तैनन् । तिनलाई वाक्यमा प्रयोग गरेपछि वक्ताको अभिव्यक्ति, हाउभाउ, अनुतान आदिले मात्र ठम्याउन सकिन्छ अथवा नेपाली भाषामा स्वराघात, बलाघात प्रयोग गरी कोशमा प्रविष्टि दिने चलन छैन । कोश निर्माणको मूल समस्याका रूपमा राष्ट्रिय गतिविधिलाई लिन सकिन्छ । भाषा साहित्य तथा कोशको उत्थानमा सरकारी पक्षले देखाएको उदासीनता र विद्वत्वर्गप्रति गर्ने गरिएको व्यवहार र विश्वासले पनि यस्तो गहन कार्य सुरु गर्न र सम्पन्न गर्न धेरै कठिन परेको छ । यसका साथै आज भाषा, धर्म, क्षेत्र, विचार, जात, रङ आदिका आधारमा नेपाली टुक्रिएको परिवेशमा नेपाली भाषाको शब्दकोश निर्माण गर्न पनि त्यति सरल छैन ।

## ४.२ सुझावहरू

नेपाल बहुभाषी मुलुक भएकाले सरकारी पक्षबाट सबै भाषाका कोशहरू निर्माणका लागि उपयुक्त पहल गरिनुपर्छ । नेपाली भाषा कामकाजको भाषा भएकाले नेपाली भाषालाई मुख्य आधारमानी नेपाली र खासभाषा वा खासभाषा र नेपाली भाषा शब्दकोश (द्विभाषिक शब्दकोश) निर्माणमा प्रज्ञाप्रतिष्ठान वा साझाप्रकाशनले पहल गर्नुपर्छ । भाषा विशेषज्ञ, शिक्षा मनोविज्ञानका ज्ञाता, भाषा शिक्षक वा भाषा शिक्षणविद्हरू, भाषाका शिक्षित प्रयोक्ता आदिको समूह बनाई आधारभूत शब्दहरूको छनोट गरी तदनुरूप भाषाको कोश निर्माण गर्नुपर्छ ।

- वर्णविन्यासलाई बारम्बार फेरबदल गर्नु उपयुक्त हुँदैन । स्थापित प्रचलनलाई नै मान्यता दिई त्यसैमा प्रविष्टि दिई रचना गर्ने कार्य गरिनुपर्छ ।
- नेपाली शब्दको ठूलो ढुकुटी सहर र यसको आसपासको क्षेत्रतिर मात्र होइन दुर्गम पहाडी जिल्लामा पनि भएकाले लोप हुन लागेका नेपाली शब्दहरूको समेत सङ्कलन गरी कोशमा तिनलाई स्थान दिनुपर्छ । त्यस्ता कतिपय शब्दहरू वर्तमान वक्ताहरूका अभिव्यक्तिमा नआए पनि भाषिक निधिकै रूपमा भए पनि तिनलाई बचाउनु पर्छ ।
- नेपालभित्र बोलिने नेपाली भाषामा बाहेकका भाषाहरूका शब्दहरूको सम्प्रेषण क्षमताको पहिचान गरी तिनलाई पनि प्रविष्टि दिँदै नेपाली भाषाकोशलाई साझा र समृद्धकोश बनाउनु पर्छ । आज अङ्ग्रेजी वा अन्य विदेशी भाषाका कैयौँ वैज्ञानिक/प्राविधिक नवीन नामहरूलाई कि त त्यही भाषामा वा संस्कृतमा रूपान्तरित भएका शब्दहरूबाट मात्र नेपाली भाषीहरूले काम चलाउने अवस्था छ । नेपालभित्रका समृद्ध भाषाहरूका शब्दको पहिचान गरी त्यस्ता शब्दहरूलाई नेपाली पाराले बोलाउनु उपयुक्त हुन्छ ।

नेपाली शब्दोच्चारणमा पनि बलाघात दिने कि ? आज नेपाली भाषाको शब्दकोशलाई नेपाली जातिको कोश बनाउने सबभन्दा ठूलो समस्या छ । यस्तो कोश निर्माण गर्दा विभिन्न जाति र भाषाका विद्वान्हरूको पनि सहयोग लिनु आवश्यक छ । **नेपाली बृहत् शब्दकोश** (वि.सं. २०४०) को सम्पादक मण्डलदेखि लिएर सहयोगीहरूभित्र पनि नेपाली मातृभाषीहरू बाहेक भिक्टर प्रधान, शरणहरि श्रेष्ठ हुनु अवश्य पनि सोचनीय कुरा हो । नेपालमा विभिन्न जाति र भाषीहरू छन् । राष्ट्रिय भाषाकोश बनाउँदा तिनलाई

समावेश गर्दै लगिएन भने कोश अपाङ्ग मात्र बन्दैन, कुनै जाति वा भाषी विशेषको मात्र हुने सम्भावना हुन्छ ।

सङ्क्षेपमा भन्नुपर्दा शब्दकोश निर्माण एउटा समावेशी कार्य हो । जति बढी भाषाका वक्ता, प्रयोक्ताहरूको मनोभावनालाई समेटिन सकिन्छ, त्यति नै त्यो प्रिय प्रपोज्य पनि बन्दछ । त्यो व्यक्तिहरूको पहलमा गरिएको राम्रै काम पनि ठूलो सङ्ख्यामा रहेको अन्य समूहले अस्वीकार गर्न सक्छ । अतः सबै पक्षलाई समेटेर शब्दकोशको निर्माण गर्न उपयुक्त हुन्छ ।

## ४.३ उपयोगिता

### ४.३.१ नीतिगत तह

कोश निर्माण कार्य अत्यन्तै जटिल कार्य हो । धेरै मेहेनत, अर्थ र जनशक्तिको अथाह प्रयासबाट मात्र कोश निर्माण गर्न सकिन्छ । कोशको उपयोगिता र महत्त्व हरेक व्यक्ति तथा क्षेत्रमा भएतापनि सबै विषय वस्तु समेटेर कोश निर्माण हुन सकेको छैन, आर्थिक समस्या, जनशक्तिको अभाव, भौगोलिक विकटता, संस्थागत प्रयासको अभाव, भाषिकागत समस्या आदि जस्ता समस्याहरूको कारण कोश निर्माण गर्न सकिएको छैन । यसका लागि राज्यकै तहबाट केही नीति चालिनु आवश्यक छ -

१. कोश निर्माणको निम्ति अध्ययन अनुसन्धानमा निरन्तर जुट्नुपर्ने हुँदा आर्थिक अभाव हुने हुनाले पर्याप्त रूपमा आर्थिक लगानी राज्यको तहबाट हुनु आवश्यक छ ।

२. कोश निर्माण चानचुने काम नभएकाले दक्ष, योग्य, विज्ञ, खट्न सक्ने विद्वान्हरू वा जनशक्तिको छनोट गरिएमा कोश निर्माणमा सहज हुने देखिन्छ ।

३. ग्रामीण तथा विकट स्थानमा पुगी शब्द सङ्कलन गर्ने नीति निर्माण हुनुपर्छ ।

४. कोश निर्माण एक व्यक्तिको प्रयासबाट सम्भव नहुने भएकाले संस्थागत तहबाट प्रयास गरिनुपर्छ ।

५. कोश निर्माण गर्दा भाषिकागत, विषयगत, उमेरगत र तहगत रूपमा कोश निर्माण गर्ने नीति बनाइनुपर्छ ।

६. कोश निर्माणका लागि प्रशस्त नेपाली भाषाका लिखित सामग्री उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्छ ।

### ४.३.२ प्रयोगगत तह

१. कुनै शब्दको वर्णविन्यास, अक्षर विभाजन आदिको शुद्धताका निम्ति कोशको आवश्यकता पर्छ, यस्ता कुरा शिक्षणिय दृष्टिले उपयोगी हुने देखिन्छ ।

२. कुनै भाषाको प्रचलित व्याकरण व्यवस्था सिकाउन पनि शब्दकोश उपयोगी हुन्छ ।

३. प्रत्येक शब्दको व्याकरणिक कोटी थाहा पाउन पनि शब्दकोश उपयोगी हुन्छ ।

४. शब्दभण्डारको वृद्धि गर्न पनि कोशहरू उपयोगी हुन्छन् ।

५. कुनै व्यक्ति र ठाउँहरूसम्बन्धी जानकारी हासिल गर्न पनि कोशहरू उपयोगी देखा पर्दछन् ।

६. कोशले पुस्तकहरू निर्माण गर्न पनि सहयोग पुऱ्याउँछ ।

७. दोस्रो भाषा शिक्षण, शब्दभण्डार र वाक्यसंरचना शिक्षण सिकाइका लागि पनि शब्दकोश आवश्यक छ ।

८. शिक्षणसँग सम्बन्धित विभिन्न भाषिक पक्षहरूको जानकारी लिन पनि आवश्यक मानिन्छ ।

## ४.४ भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू

१. प्रा.वि. तहको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरूको कोश,

२. कक्षा दसको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त आगन्तुक, तत्सम, तद्भव शब्दहरूको कोश,

३. नेपाली झर्रा शब्दहरूको सङ्कलन तथा कोश निर्माण,

४. विषयगत कोशको अध्ययन,

५. बालकले प्रयोग गर्ने शब्दहरूको कोश,

६. पारिभाषिक वा प्राविधिक शब्दहरूको अध्ययन ।

# सन्दर्भसामग्री

अधिकारी, हेमाङ्गराज २०६२. **सामाजिक र प्रायोगिक भाषाविज्ञान**. काठमाडौँ : रत्न पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई (सम्पा.) २०६१. **प्रयोगात्मक नेपाली शब्दकोश.** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अशोक सन् २००४. **मानकविशाल शब्दकोश** (परिवर्तित संस्करण). दिल्ली : अशोक प्रकाशन ।

एस.जे.बि. बर्क (सम्पा.) सन् १९९४. **सही शब्द नेपाली पर्याय विपर्यायवाची कोश**. दार्जिलिङ : बेलार्मिन भाषा संस्थान ।

चापागाईं, नरेन्द्र (सम्पा.) २०६८. **नेपाली शब्दभण्डार.** विराटनगर : श्याम पुस्तक भण्डार ।

टर्नर, लिलि (सम्पा.) वि.सं. १९८८. **अ कम्पेरेटिभ एन्ड इटिमोलोजिकल डिक्सनरी अफ नेपाली ल्याङ्ग्वेज**. लन्डन ।

ढकाल, शान्तिप्रसाद २०६३. **प्रायोगिक भाषाविज्ञान.** काठमाडौँ : शुभकामना बुक्स एन्ड स्टेसनरी ।

न्यौपाने, टङ्कप्रसाद, पारसमणि र अन्य (सम्पा.) २०६७. **सामान्य भाषाविज्ञान.** काठमाडौँ : सनलाइट पब्लिकेसन ।

पराजुली, रामप्रसाद २०७०. **माध्यमिक नमुना नेपाली शब्दकोश**. अप्रकाशित स्नातकोत्तर शोधपत्र. सुनसरी : जनता बहुमुखी क्याम्पस ।

पोखरेल, बालकृष्ण र अन्य २०४०. **नेपाली बृहत् शब्दकोश.** काठमाडौँ : ने.रा.प्र.प्र. ।

भट्टराई, देवराज २०७०. **कक्षा आठको नेपाली भाषापाठ्यपुस्तकमा प्रयुक्त शब्दहरूको शब्दकोश.** अप्रकाशित स्नातकोत्तर शोधपत्र. सुनसरी : जनता बहुमुखी क्याम्पस ।

भट्टराई, प्रेमप्रसाद २०६७. **प्रारम्भिक नमुना नेपाली शब्दकोश.** अप्रकाशित स्नातकोत्तर शोधपत्र. मोरङ : सुकुना बहुमुखी क्याम्पस त्रि.वि. ।

भट्टराई, रञ्जना २०७०. **कक्षा ६ को शैक्षिक शब्दकोश**. अप्रकाशित स्नातकोत्तर शोधपत्र. सुनसरी : जनता बहुमुखी क्याम्पस ।

भण्डारी, पारसमणि, तुलसीराम घिमिरे र शक्तिराज नेपाल २०६८. **प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम.** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि २०६६. **स्नातकोत्तर नेपाली शिक्षा शोध विवरण.** काठमाडौँ : न्यु हिरा बुक्स ।

भण्डारी, पारसमणि (सम्पा.) २०६२. **नेपाली पर्यायवाची शब्दकोश.** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

रेग्मी, एम.पि. सन् १९९६. **एङ्ग्लो नेपाली डिक्स्नरी.** दिल्ली : एम. न्यु गेन अफसेट प्रिन्टर्स ।

लम्साल, रामचन्द्र २०५०. **कोशविज्ञान र नेपालीकोश**. काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा 'नेपाल', वसन्तकुमार (सम्पा.) २०५७. **नेपाली शब्दसागर.** काठमाडौँ : भामा पुस्तक भण्डार ।

शर्मा, बालचन्द्र (सम्पा.) २०१९. **नेपाली शब्दकोश.** काठमाडौँ : ने.रा.प्र.प्र. सृष्टि प्रकाशन ।

शर्मा, हर्षनाथ २०२३. **बृहत् नेपाली शब्दकोश**. काठमाडौँ : नेपाली साहित्य भण्डार ।

**संस्कृत शब्दार्थ कौस्तुभ.** २०४०. इलाहाबाद : रामनारायणलाल बनीप्रसाद प्रकाशन तथा पुस्तक विक्रेता ।

सापकोटा, महानन्द (सम्पा.) २०३७. **नेपाली शब्द परिचय**. धरान : सापकोटा प्रिन्टिङ प्रेस ।

हर्न बाइ एस. (सम्पा.) सन् २००५. **अक्स्फोर्ड एडभान्स लर्नर्स डिक्सनरी.** इन्डिया : अक्सफोर्ड युनिभर्सिटी प्रेस ।